# हिमालय टाइम्स

नेपाली राष्ट्रिय दैनिक

www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times

वर्ष २९, अंक २६६ काठमाडौं | २०८१ असोज २ बुधबार | भाद्र शुक्लपक्ष, पूर्णिमा | नेपाल संवत् ११४४ | HIMALAYA TIMES | Wednesday 18 September 2024 | पृष्ठ ८ | मूल्य रु ५।-


# प्रधानमन्त्रीको भ्रमणअघि नै न्यूनतम साझा कार्यक्रम ल्याउने तयारी



**अनिल क्षेत्री / हिटा**

काठमाडौं, १ असोज

सरकारले प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसंघको ७९औं महासभामा भाग लिन न्युयोर्क भ्रमणमा जानुअघि नै न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्ने तयारी गरेको छ। सरकार गठन भएको दुई महिना बितिसक्दा पनि न्यूनतम साझा कार्यक्रम नल्याएको भन्दै सरकार र सत्तारूढ दलहरूको आलोचना हुँदै आएको छ। अब भने न्यूनतम साझा कार्यक्रम ल्याउन विलम्ब नहुने सत्तारूढ दलका नेताहरूको दाबी छ। सरकारको न्यूनतम साझा कार्यक्रमको मस्यौदा तयार पार्न गठित चार सदस्यीय कार्यदलले मस्यौदा निर्माणको कामलाई अन्तिम चरणमा पुऱ्याएको छ। सरकारको न्यूनतम साझा कार्यक्रम बनाउन भदौ २३ गते चार सदस्यीय कार्यदल गठन गरेको थियो। कार्यदलमा नेपाली कांग्रेसका तर्फबाट महामन्त्री गगन थापा र

» पृष्ठ २ मा क्रमशः

### 'सात बुँदे सहमतिकै जगमा न्यूनतम साझा कार्यक्रम'

मुलुकका दुई ठूला राजनीतिक दल सम्मिलित दुईतिहाइ बहुमत प्राप्त ओली नेतृत्वको सरकारको न्यूनतम साझा कार्यक्रमबारे चौतर्फी चासो छ। राजनीतिक स्थिरता दिने भन्दै मिलेका यी दुई दलले न्यूनतम साझा कार्यक्रम कस्तो ल्याउँछन् ? भन्ने चासो बढ्दै गएको बेला नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौलाले सात बुँदे सहमतिकै आधारमा सरकार अघि बढ्ने बताउनुभएको छ। सरकारले न्यूनतम साझा कार्यक्रम ल्याए पनि नीति तथा कार्यक्रम र बजेटमा संलग्न गराई संसद्बाट पारित गराउनुपर्ने अवस्था नरहेकाले हतार नगरिएको जिकिर गर्दै बर्तौलाले भन्नुभयो, 'कांग्रेस-एमालेबीच भएको सात बुँदे सहमति नै यो सरकार सञ्चालनको मार्गनिर्देशक राजनीतिक सिद्धान्त हो। यो सात बुँदाको राजनीतिक सिद्धान्त र राजनीतिक समझदारीबाट सरकार अगाडि बढ्छ। त्यो समझदारीको जगमा सरकार बनेको छ।

» पृष्ठ २ मा क्रमशः


### संविधान संशोधन प्राथमिकतामा रहन्छ : थापा



न्यूनतम साझा कार्यक्रमको मस्यौदा तयार पार्न गठित कार्यदलमा समेत रहनुभएका नेपाली कांग्रेसका महामन्त्री

» पृष्ठ २ मा क्रमशः


### सत्ताको लागि मात्रै संविधान संशोधनको तुरूप : सापकोटा



प्रमुख प्रतिपक्ष दल नेकपा माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले सत्ताको लागि संविधान संशोधनको तुरुप

» पृष्ठ २ मा क्रमशः


### प्रजातन्त्रको खिलापमा कुनै काम हुँदैन : देउवा



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रजातन्त्रलाई अझै मतबुत बनाउनका लागि संविधानमा संशोधन गर्न सकिने

» पृष्ठ २ मा क्रमशः

### संविधानलाई उन्नत बनाउने बेला आएको छ : पोखरेल



नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले नेपालको संविधान कार्यान्वयनको नौ वर्ष अवधि लामो नभए पनि संविधानलाई

» पृष्ठ २ मा क्रमशः

# रविलाई कारबाही कि 'क्लिन चिट'

## प्रतिवेदनलाई कानुनी रूपमा कसरी बुझ्ने ?




**यज्ञराज पाण्डे / हिटा**

काठमाडौं, १ असोज

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिले प्रतिनिधि सभामा प्रतिवेदन पेस गरिसकेपछि अनेकन टीका टिप्पणी सुरु भएको छ। छानविन समितिले सहकारी ठगीमा संलग्न धेरैलाई कारबाहीको सिफारिश गरे पनि यतिबेला चर्चामा रवि लामिछाने र गोर्खा मिडिया रहेको छ। छानविन समितिले पेस गरेको प्रतिवेदनलाई कानुनी रूपमा कसरी बुझ्ने भन्ने चौतर्फी प्रश्न उठेको छ।

» पृष्ठ २ मा क्रमशः

### लामिछानेलाई सहकारी ठगीमा कारबाही गर्न मिल्दैन : वरिष्ठ अधिवक्ता पण्डित



वरिष्ठ अधिवक्ता गान्धी पण्डित समितिको प्रतिवेदनले सहकारी ठगीमा रवि लामिछानेको संलग्नता नदेखाएको दाबी गर्नुहुन्छ। समितिले सहकारी ठगीमा नभएर गोर्खा

» पृष्ठ २ मा क्रमशः

### रकम दुरूपयोग सम्बन्धमा रविको संलग्नता नकार्न सकिँदैन : वरिष्ठ अधिवक्ता त्रिपाठी



वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समितिको संलग्नता नभएको

» पृष्ठ २ मा क्रमशः

### सरकारले कारबाही प्रक्रिया अघि बढाउँछ : उपप्रधानमन्त्री सिंह



उपप्रधान एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले सहकारी संस्थाको बचत रकम दुरुपयोगसम्बन्धी

» पृष्ठ २ मा क्रमशः

# छानविन प्रतिवेदनको अपव्याख्या !



**डिबी शर्मा / हिटा**

काठमाडौं, १ असोज

सहकारी ठगीसम्बन्धी विशेष संसदीय छानविन समितिले गरेको सिफारिशलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता तथा समर्थकले आफू अनुकूल अर्थ्याएर अपव्याख्या गर्न थालेका छन्। संसदीय समितिले सहकारीको रकम अपचलनमा संलग्न रहेको ठहर गर्दै रास्वपा सभापति रवि लामिछाने सहितलाई कारबाही सिफारिश गरेको भए पनि उनीहरू भने सफाइ पाएको भन्दै भ्रम फैलाइरहेका छन्।

तीन महिना बढी समय लगाएर गरिएको छानविनपछि समितिले निकालेको निष्कर्षलाई अपव्याख्या गर्नेमा रास्वपा सभापति लामिछानदेखि पार्टीका अधिकांश नेता र समर्थकहरू छन्। उनीहरूले समितिले गरेको कारबाही सिफारिशलाई सफाइको संज्ञा दिँदै भ्रम फैलाउने प्रयास गरिरहेका छन्। यस्तो भ्रम फैलाउनेमा समितिमै रहेर काम गर्नुभएका रास्वपा सांसद शिशिर खनाल पनि हुनुहुन्छ। सहकारीको रकम अपचलनमा लामिछानेको कुनै भूमिका नदेखिएकाले निर्दोष रहेको उहाँको दाबी छ। सहकारीबाट पैसा ल्याउन लामिछानेको भूमिका नदेखिए पनि गोर्खा मिडियामा आएको रकम खर्च गर्नमा भने उहाँको मुख्य भूमिका रहेको समितिले ठहर गरेको थियो। सहकारीबाट मिडियामा आएको ६५ करोड रुपैयाँमध्ये अधिकांश रकम खर्च गर्दा उहाँको भूमिका रहेको भन्दै कारबाही गर्न सरकारलाई सिफारिश गरेको छ।

प्रतिवेदन औपचारिक रूपमा सार्वजनिक नगरिए पनि 'सुझाव तथा सिफारिश'का बुँदाहरू सार्वजनिक भएका छन्। सार्वजनिक भएका बुँदामा सहकारी प्रधिकरण गठन गर्नदेखि विभिन्न सहकारीको बचत रकम हिनामिना र ठगी गर्नेमाथि

» पृष्ठ २ मा क्रमशः

### रविले सहकारीबाट एक रूपैयाँ पनि ननिकालेको पुष्टि भइसक्यो : खनाल



रास्वपा सांसद शिशिर खनालले सरकारले सबै संयन्त्रको प्रयोग गर्दा पनि सहकारीको रकम अपचलनमा सभापति रवि लामिछानेको कुनै भूमिका नदेखिएको दाबी गर्नुभएको छ। छानविन समितिका सदस्यसमेत रहनुभएका खनालले मंगलबार राष्ट्रिय भेलालाई सम्बोधन गर्दै लामिछानेले सहकारीबाट एक रुपैयाँ पनि नल्याएको जिकिर गर्नुभयो। सहकारी ठग भन्ने आरोपलाई कसैले पनि पुष्टि गर्ने आधार नपाएको उहाँले बताउनुभयो। 'प्रयोग गर्न मिल्ने संयन्त्र प्रयोग गरेर सूचनाहरू

» पृष्ठ २ मा क्रमशः


### रवि लामिछानेले क्लिन चिट पाउनुभएको छ : वाग्ले



रास्वपा उपसभापति स्वर्णिम वाग्लेले पार्टी सभापति रवि लामिछानेले सहकारी ठगीको आरोपमा क्लिन चिट पाएको दाबी गर्नुभएको छ। समितिले प्रतिवेदन बुझाएपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उपसभापति वाग्लेले अप्रिय आरोप लगाएर रास्वपालाई क्षति गर्ने प्रयास पूर्ण रूपमा खारेज भएको बताउनुभयो। 'सहकारीको रकम व्यक्तिगत खातामा, कम्पनीमा ल्याउन रवि लामिछानेको भूमिका छन् भनेर

» पृष्ठ २ मा क्रमशः

### प्रतिवेदनले म माथिको मूल आरोप खारेज गऱ्यो : लामिछाने



रास्वपा सभापति रवि लामिछानेले संसदीय छानविन समितिको प्रतिवेदनले आफूलाई सहकारी ठगीको मुख्य आरोपबाट सफाइ दिएको दोहोऱ्याउनु भएको छ। रास्वपाको मंगलबारबाट सुरु भएको राष्ट्रिय भेलामा बोल्दै लामिछानेले प्रतिवेदनले स्पष्ट रूपमा भनेको कुरा स्वीकार्न केही मानिसहरूलाई गाह्रो भइरहेको समेत टिप्पणी गर्नुभयो। समितिको मुख्य निचोडलाई छायाँमा पारेर भ्रमपूर्ण प्रचार भइरहेको उहाँले

» पृष्ठ २ मा क्रमशः






# दिल्लीको तेस्रो महिला मुख्यमन्त्रीमा आतिशी

**हिमालय टाइम्स**

काठमाडौं, १ असोज

भारतको दिल्ली राज्यको नयाँ मुख्यमन्त्री आतिशी बन्ने हुनुभएको छ। मुख्यमन्त्री अरविन्द केजरीवालको राजीनामापछि आतिशी नयाँ मुख्यमन्त्री बन्ने हुनुभएको हो। आम आदमी पार्टीको मंगलबार बसेको विधायक दलको बैठकले आतिशीलाई नयाँ मुख्यमन्त्री बनाउने निर्णय गरेको छ। आम आदमी



पार्टीका सांसद गोपाल रायले विधायक दलको बैठकले सर्वसम्मत रूपमा आतिशीलाई मुख्यमन्त्रीका रूपमा अघि सारिएको बताउनुभयो।

मुख्यमन्त्री केजरीवाल जेलमा रहेका बेला आतिशीले सरकारको मुख्य 'पोर्टफोलियो' सम्हाल्नुभएको थियो। शिक्षासमेत मुख्य विभाग सम्हाल्नुभएकी आतिशीलाई केजरीवालको विश्वास पात्रका रूपमा हेरिन्छ। यसअघि नयाँ मुख्यमन्त्रीका लागि कैलाश गहलोत, गोपाल राई र सौरभ भारद्वाजको नाम पनि चर्चामा थिए। तर, आपको विधायक दलको बैठकले आतिशीको नाम अनुमोदन गरेको हो। २६ र २७ सेप्टेम्बरमा विधानसभाको सत्र बोलाइएको छ।

१३ सेप्टम्बरमा शराब नीति (रक्सी) केसमा सुप्रिम कोर्टले केजरीवाललाई ससर्त जमानत दिएको थियो। उहाँ रिहाइ भएलगत्तै १५ सेप्टेम्बरमा मुख्यमन्त्री पद छोड्ने घोषणा गर्नुभएको थियो। उहाँले अब जनताले आफू इमानदार रहेको या बेइमान रहेको फैसला गर्ने बताउनुभयो। जनताले निर्वाचन जिताएपछि मात्र आफू मुख्य मन्त्री बन्ने उहाँले घोषणा

» पृष्ठ २ मा क्रमशः



# लोकतन्त्रप्रति जनविश्वास सुदृढ बनाउन आवश्यक : राष्ट्रपति

**हिमालय टाइम्स**
काठमाडौं, १ असोज



राष्ट्रपति रामचन्द्र पौडेलले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, मानव अधिकार, विधिको शासन र सामाजिक रूपान्तरणका लागि देशका सामुदायिक रेडियोले निर्वाह गरेको भूमिकाको सराहना गर्दै लोकतन्त्रप्रति जनविश्वास बढाउनुपर्नेमा जोड दिनुभएको छ । सामुदायिक रेडियो प्रसारक संघका नवनिर्वाचित पदाधिकारीलाई शुभकामना दिन राष्ट्रपति भवनमा मंगलबार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले भूकम्प, कोरोनाजस्ता विषम परिस्थितिमा सामुदायिक रेडियोहरूको भूमिका वन्दनीय रहेको उल्लेख गर्नुभयो ।

नागरिकलाई सुसूचित गर्न तथा अभिव्यक्ति स्वतन्त्रता प्रवर्द्धनमा सामुदायिक रेडियोको महत्त्वपूर्ण भूमिका रहेको उहाँले बताउनुभयो । सामाजिक सञ्जालको प्रयोगसँगै तथ्यहीन र भ्रामक सूचनाले चुनौती थपेको वास्तविकता सुनाउँदै राष्ट्रपति पौडेलले जनतालाई सत्य सूचना सम्प्रेषण गरेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई निर्बाध उपयोग गर्दै लोकतन्त्रप्रति जनताको विश्वास सुदृढ बनाउन सञ्चारकर्मी सधैं सचेत रहनुपर्ने बताउनुभयो ।

उहाँले साक्षर मात्र नभई सञ्चारका अन्य माध्यममा पहुँच नभएका निरक्षरका लागि सुसूचित हुने सबैभन्दा सरल, सहज र विश्वसनीय सञ्चारमाध्यम रेडियो भएकाले जनताप्रति रेडियोकर्मीको भूमिका अझ महत्त्वपूर्ण हुने धारणा राख्नुभयो ।

# बैतडीमा एकै गाउँका नौ जनामा डेंगुको संक्रमण पुष्टि

**डम्बर बोहरा/हिटा**
बैतडी, १ असोज

बैतडीमा एकै गाउँका नौ जनामा डेंगुको संक्रमण पुष्टि भएको छ । जिल्लाको पाटन नगरपालिका-५ वसन्तपुर कद्वारका नौ जनामा डेंगुको संक्रमण पुष्टि भएको हो । आइतबार मात्रै एकै गाउँका चार जनामा डेंगु संक्रमण पुष्टि भएपछि स्वास्थ्यकर्मीहरूको टोली गाउँमै पुगेको थियो ।

सोमबार ज्वरोका शंकास्पद सातजना बिरामीको रगत चेकजाँच गर्दा थप पाँच जनामा डेंगु संक्रमण पुष्टि भएको पाटन प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख जनस्वास्थ्य निरीक्षक प्रेमसागर भट्टले जानकारी दिनुभयो ।

एकै गाउँका चार जनामा आइतबार मात्रै संक्रमण पुष्टि भएपछि सोमबार पाँचजना स्वास्थ्यकर्मीको टोली गाउँमै पुगेर शंकास्पद बिरामीहरूको रगत परीक्षण गरेको थियो । डेंगुजस्तै लक्षण देखिएपछि परीक्षण गर्दा उनीहरूमा संक्रमण पुष्टि भएको हो ।



स्वास्थ्यकर्मीको टोलीले लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियानअन्तर्गत सरसफाइसमेत गरेको उहाँले बताउनुभयो । भरेर राखेका पानीका ड्रम, पानी जमेका खाल्डाखुल्डीमा लामखुट्टेको वृद्धि विकास हुने भएकाले सरसफाइमा ध्यान दिन स्थानीयहरूलाई सुझाव दिइएको जनस्वास्थ्य निरीक्षक भट्टले जानकारी दिनुभयो । स्थानीय नागरिकहरूलाई एकै ठाउँमा जम्मा गरेर डेंगु रोगका र यसबाट बच्ने उपायका बारेमा जानकारी दिइएको भट्टले बताउनुभयो ।

एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा डेंगु सर्ने गर्दछ । डेंगु रोगको संक्रमणबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट बच्नुपर्नेमा स्वास्थ्यकर्मीहरूले जोड दिएका छन् । डेंगु संक्रमण भएमा मानिसलाई कडा खालको ज्वरो आउने, टाउको दुःख्ने, शरीरका जोर्नी तथा मांसपेशी दुःख्ने, खाना खान मन नलाग्ने जस्ता लक्षण देखिन्छन् । यसका साथै नाक, गिजा र पेटबाट रगत बग्नेजस्ता कडा खालका लक्षणसमेत देखापर्ने स्वास्थ्य कार्यालय बैतडीका खोप सुपरभाइजर निरीक्षक हरिश भट्टले बताउनुभयो ।

यस्ता खालका लक्षण देखिएमा डेंगुको जाँच गर्नु आवश्यक रहेको स्वास्थ्यकर्मीहरूले बताएका छन् । डेंगुको जाँच नगरीकनै जथाभावी औषधी सेवन गर्दा अन्य समस्यासमेत निम्तिने भएकाले योतर्फ सबै नागरिक सचेत हुनुपर्नेमा भट्टले जोड दिनुभयो ।

बैतडीका गाउँगाउँमा ज्वरोका बिरामीहरू रहेका छन् । ज्वरोका बिरामीहरूमा डेंगुसमेत हुनसक्ने भएकाले नजिकको स्वास्थ्य संस्थामा गएर चेकजाँच गर्नसमेत स्वास्थ्यकर्मीहरूले सुझाव दिएका छन् ।

# मनहरीका अध्यक्ष कालाखेतीले बनाइदिए एकल महिलालाई घर

**मञ्जिता मैनाली/हिटा**
हेटौंडा, १ असोज

मकवापुरको मनहरी गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले पारिश्रमिक तथा सेवा सुविधाबापत प्राप्त रकम खर्चेर एकल महिलालाई पक्की घर बनाइदिनु भएको छ । मनहरी- ५ वसन्तपुरमा लामो समयदेखि आवासविहीन अवस्थामा रहनुभएकी सोनी राईलाई पक्की घर बनाएर मंगलबार अध्यक्ष कालाखेतीले हस्तान्तरण गर्नुभएको हो ।

अध्यक्ष कालाखेतीले पारिश्रमिक तथा सेवा सुविधाबापत प्राप्त गर्ने रकम कोष बनाएर जम्मा गर्दै आउनुभएको छ । सोही कोषबाट दुई लाख १५ हजार रुपैयाँ खर्चेर राईलाई घर बनाइदिएको उहाँले बताउनुभयो ।

सोनीको परिवारमा उहाँबाहेक कोही छैनन् । आठ वर्ष अगाडि श्रीमान् नरबहादुरको काठ काट्न जाँदा लडेर मृत्यु भएपश्चात् उहाँ लामो समयदेखि वसन्तुरमा सानो छाप्रो बनाएर बस्दै आउनुभएको थियो । 'ज्याला मजदुरी गरेर जसोतसो जीवन धान्दै आएकी थिएँ । सानो काठको घर बनाएर त्यहीँ बस्दै आएकी थिएँ । पानी चुहिनुको साथै हावाहुरीले समस्या पार्थ्यो । केही समयदेखि आफन्त र गाउँघरमा बास बस्दै आएकी थिएँ तपाईंहरू सबैको सहयोगले घर बन्यो, धेरै धेरै धन्यवाद,' सोनीले भन्नुभयो ।

स्थानीय शान्ता अधिकारी र अन्य गाउँलेहरूले सोनीको अवस्थाबारे गाउँपालिका अध्यक्ष कालाखेतीलाई जानकारी गराएका थिए । 'सोनी दिदीको अवस्था देखेर हामी निकै चिन्तित थियौं । लेखपढ गर्न पनि जान्नुहुन्न । ज्यालादारीबाट खानाको व्यवस्था गर्नुभएको छ । अध्यक्षज्यूले हाम्रो अनुरोध सुनेर उहाँलाई पक्की घर बनाइदिनुभयो,' स्थानीय शान्ता अधिकारीले भन्नुभयो । अध्यक्ष कालाखेतीले आफूले निर्वाचनका बेला जनताको बीचमा गरेको प्रतिबद्धताअनुसार आफूले पाउने सेवासुविधा बापतको खर्च जनताको सेवामा समर्पित गर्दै आएको बताउनुभयो । यसअघि पनि उहाँले विभिन्न समयमा अप्ठ्यारामा परेकाहरूलाई व्यक्तिगत रूपमा पनि सहयोग गर्दै आउनुभएको थियो । उहाँले आगामी दिनमा पनि समस्यामा परेका जनताको सेवामा सो कोषको रकम खर्च गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



**भेडागोठमा नन्दबहादुर**

५४ वर्षदेखि घुम्ती गोठमा लेकबेंसी गर्दै भेडा पाल्दै आउनुभएका म्याग्दीको रघुगंगा गाउँपालिका-२ भगवतीका नन्दबहादुर भण्डारी मुस्ताङको थासाङ गाउँपालिका-२ बोक्सी खोलामा भेडासँगै । ६८ वर्षीया भण्डारीले भेडा पाल्ने पुर्खाको पेशालाई निरन्तरता दिनुभएको छ । तस्बिर : रासस

## प्रधानमन्त्रीको भ्रमणअघि...

« पृष्ठ १ बाट क्रमशः

नेता डा.प्रकाशशरण महत हुनुहुन्छ भने नेकपा एमालेबाट उपमहासचिवहरू प्रदीप ज्ञवाली र विष्णु रिमाल हुनुहुन्छ ।

कार्यदलले तीन/चार दिनयता गृहकार्य गरेर कार्यक्रमको मस्यौदा तयार गरिरहेको छ । नेपाली कांग्रेसका प्रवक्तासमेत रहनुभएका कार्यदल सदस्य डा.महतले बुधबार (आज) बेलुकासम्म मस्यौदालाई अन्तिम रूप दिने तयारी भएको जानकारी दिँदै भन्नुभयो, 'हामीले न्यूनतम साझा कार्यक्रमको मस्यौदा तयार गरिरहेका छौं, सकेसम्म बुधबार बेलुकाभित्र टुंग्याउने तयारी छ । मस्यौदा तयार गरेर शीर्ष नेतालाई ब्रिफिङ गर्छौं ।' कार्यदल सदस्य एवं नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले मस्यौदा निर्माणको काम समयमै सकेमा प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका जानुअघि नै सार्वजनिक गर्ने तयारी रहेको जानकारी दिँदै भन्नुभयो, 'सकेसम्म प्रधानमन्त्रीज्यू अमेरिका जानुअघि नै न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्ने तयारी छ । त्यहीअनुसार कार्यदलले काम गरिरहेको छ ।' न्यूनतम साझा कार्यक्रम बजेट र सरकारको नीति तथा कार्यक्रमसँग मेल खानेगरी तयार गरिएको उपमहासचिव ज्ञवालीको भनाइ छ । प्रधानमन्त्री केपी शर्मा ओली नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै असोज ४ गते राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका जाँदै हुनुहुन्छ । गत १७ असारमा कांग्रेस र एमालेबीच भएको सात बुँदे सहमतिअनुसार ३० असारमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त भए पनि न्यूनतम साझा कार्यक्रम बनाइएको छैन ।

## 'सात बुँदे...

« पृष्ठ १ बाट क्रमशः

सरकार सञ्चालनको न्यूनतम साझा कार्यक्रम, मापदण्ड र सरकार हिँड्ने तरिका भनेको यही सात बुँदाको वरपर हुन्छ ।' सात बुँदे सहमतिमा राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, विकास निर्माण अभियानलाई तीव्रता, राजनीतिक स्थिरताका, संविधानमा आवश्यक संशोधन, अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण तयारी गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जनालगायत उल्लेख छ ।

## संविधान संशोधन...

« पृष्ठ १ बाट क्रमशः

गगनकुमार थापाले संघीयता, समावेशी लोकतन्त्र र समानुपातिक प्रतिनिधित्वलाई थप सुदृढ हुनेगरी संविधान संशोधन गर्ने कुरा सरकारको न्यूनतम साझा कार्यक्रमको प्राथमिकतामा रहने बताउनुभएको छ । सरकारको न्यूनतम साझा कार्यक्रम कुन तहसम्म जाने ? न्यूनतम साझा कार्यक्रमलाई कति न्यूनतम बनाउने ? कति अधिकतम बनाउने ? कस्तो बनाउने ? कुनकुन कुरा राख्ने ? भन्ने विषयमा कार्यदल लगभग टुंगोमा पुगेको उहाँको भनाइ छ । कांग्रेस र एमाले बीचमा भएको सात बुँदे समझदारी नै न्यूनतम साझा कार्यक्रमको मुख्य आधार भएको स्पष्ट पार्दै महामन्त्री थापाले भन्नुभयो, 'संविधान, कानुन, अवस्थाको स्रोत, साधन समयको सीमा सबै कुरालाई बुझेर न्यूनतम के गर्न सकिन्छ ? भन्ने बारेमा एउटा साझा धारणा बनाई छिट्टै सार्वजनिक गर्छौं । न्यूनतम साझा कार्यक्रममा नेपालमा राजनीतिक स्थायित्व, सरकारको स्थायित्व, प्रदेश सरकारलाई थप फंग्सनल बनाउनुपर्ने र स्थानीय सरकारलाई थप प्रभावकारी बनाउनुपर्ने कुरामा जोड दिनेगरी न्यूनतम साझा कार्यक्रम ल्याँउछौं । लम्बेतान, असम्भव कुराहरू हुँदैनन् ।'

## सत्ताको लागि...

« पृष्ठ १ बाट क्रमशः

फ्याँकिएको आरोप लगाउनुभएको छ । सत्तारूढ दलले सरकारको न्यूनतम साझा कार्यक्रममै संविधान संशोधनको विषय प्राथमिकतामा राख्ने तयारी गरिरहेको बेला माओवादीका प्रवक्ता सापकोटाले भने सत्ताको लागि मात्रै संविधान संशोधनको कुरा गरिएको आरोप लगाउनुभएको हो । कतिपय पार्टीहरूलाई संघीयता र समावेशी तथा समानुपातिक मन नपरेको टिप्पणी गर्दै सापकोटाले भन्नुभयो, 'यो सफा नियतले ल्याएको छैन । सत्तालिप्साको कारणले नै उहाँहरूले संविधान संशोधनलाई आवरण बनाएको हो । उहाँहरूलाई त संघीयता पनि घाँडो जस्तो लागेको छ । यी सबै कुराले गर्दा भइहाल्यो भने पछिल्तिर फर्किनका लागि अनुकूल हुन्छ कि भनेर फालेको तुरुप हो यो ।'

## प्रजातन्त्रको खिलापमा...

« पृष्ठ १ बाट क्रमशः

बताउनुभएको छ । गत असार १७ गते कांग्रेस र एमालेबीच संविधान संशोधनलगायत विषयमा सात बुँदे सहमति भएकोतर्फ लक्षित गर्नुभएका सभापति देउवाले लोकतन्त्र बलियो बनाउने गरी संविधानमा सुधार गर्न सकिने उल्लेख गर्दै भन्नुभयो, 'ओलीजी प्रधानमन्त्री हुँदाखेरि संविधानमा संशोधन गर्ने कुरा भन्नुभएको छ । त्योचाहिँ प्रजातन्त्रको खिलापमा होइन । प्रजातन्त्रलाई अझै मजबुत बनाउने किसिमले संविधानमा सुधार हुने गरी संविधान संशोधन हुन सक्दछ ।' कांग्रेस कानुन विभागले मंगलबार पार्टी कार्यालय सानेपामा गरेको संविधानको एक दशक, कार्यान्वयन र चुनौती विषयक अन्तरक्रियामा सभापति देउवाले भन्नुभयो, 'ओलीजीलाई मैले पहिलोपटक जेलमा भेटेको हो । प्रजातन्त्रका लागि हामी विद्यार्थी हुँदादेखि नै लड्दै आएको हो, जेलनेल भोगेको पार्टीहरू हो । त्यसैले प्रजातन्त्रको खिलापमा कुनै पनि काम हुन सक्दैन ।' प्रदेशको संरचना बनिसकेकोले यो हट्ने अवस्था नरहेको जिकिर गर्दै सभापति देउवाले भन्नुभयो, 'प्रदेश संरचना र सरकार बनिसक्यो । यसलाई हटाउन सकिन्न । यसलाई कसरी अझ जवाफदेही बनाउने भन्ने कुरा सोच्नुपर्छ र सुधार गर्नुपर्छ ।'

## संविधानलाई उन्नत...

« पृष्ठ १ बाट क्रमशः

अझै उन्नत बनाउने बेला भएको बताउनुभएको छ । मंगलबार राजधानीमा आयोजित 'संविधान कार्यान्वयनको १० वर्ष: अनुभव, चुनौती र अबको बाटो' विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै पोखरेलले भन्नुभयो, 'जनताका प्रतिनिधिहरूले बनाएको संविधान कार्यान्वयनको नौ वर्षे यात्रा धेरै लामो अवधि त होइन तर संविधानलाई पछाडि फर्केर उन्नत बनाउने बेला भने आएको छ । पछाडि फर्केर हेर्दा के के उपलब्धिहरू हासिल भए ? कमजोरीहरू कहाँ भए ? यसबाट शिक्षा लिँदै कसरी अगाडि बढ्ने आधार हामीले लिनुपर्छ ।'

आज वि.सं २०८१ असोज २ गते बुधबार, ई.स. २०२४ सेप्टेम्बर १८, तिथि- भाद्र शुक्लपक्ष पूर्णिमा, ०८:४३ बजेपछि प्रतिपदा, पूर्वभाद्रपदा- नक्षत्र, शूल- योग, वव- करण, चन्द्रराशि- कुम्भ, सूर्योदय- ५:५१, सूर्यास्त- १८:०३ ।



तपाईंको आज

ज्योतिषाचार्य
नारायणप्रसाद भण्डारी

मेष : आतिथ्यपूर्ण सम्मान र मीठो भोजनको प्राप्ति हुनेछ ।
वृष : दाम्पत्य जीवन सुखद् तथा समृद्ध बन्ने देखिन्छ ।
मिथुन : यात्रामा पनि झण्झट आइलाग्नेछ ।
कर्कट : पराक्रम र उत्साहमा कमी आउने छ ।
सिंह : अतिथिका रूपमा सम्मान पाइनेछ ।
कन्या : आँटेताकेका काममा सफलता मिल्नेछ ।
तुला : परिवारका सदस्य बिरामी पर्नाले तनाव उत्पन्न हुनेछ ।
वृश्चिक : सामान हराउने वा चोरी हुने सम्भावना छ ।
धनु : सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।
मकर : प्रतिफल प्राप्त नहुने क्षेत्रमा निरर्थक लगानी हुने भय छ ।
कुम्भ : इष्टमित्रबाट तिरस्कृत, अपमानित हुनुपर्ने अवस्था आइपर्न सक्छ ।
मीन : सामाजिक काममा प्रशंसित हुने अवसर पनि पाइने छ ।

## दिल्लीको तेस्रा...

« पृष्ठ १ बाट क्रमशः

गर्नुभएको छ ।

केजरीवाल र मनिष सिसोदियाको सर्वाधिक नजिक रहेर काम गर्नुभएकी आतिशीले केजरीवाल र सिसोदिया जेलमा हुँदा पार्टीलाई मञ्जबुत रूपमा एकताबद्ध बनाउनुभएको थियो ।

उहाँले सिसोदिया जेलमा हुँदा शिक्षासहित महत्त्वपूर्ण ६ मन्त्रालय समाल्नुभएको थियो । साथै उहाँ २०१३ को पार्टीको घोषणा पत्र बनाउँदा टिममा रहनुभएको थियो । पार्टीमा संलग्न भएयता उहाँ निरन्तर क्रियाशील रहँदै आउनुभएको छ । आतिशी सन् २०२० विधानसभा चुनावमा पहिलोपटक विधायक निर्वाचित हुनुभयो र २०२३ मा केजरीवाल सरकारमा पहिलोपटक मन्त्री बन्नुभएको थियो । त्यसको एक वर्षपछि २०२४ मा उहाँ मुख्यमन्त्री बन्न लाग्नुभएको हो । उहाँ दिल्लीको कालकाजी क्षेत्रकी विधायक हुनुहुन्छ ।

आतिशी दिल्लीको मुख्यमन्त्री हुने तेस्रो महिला हुनुहुन्छ । यसअघि सुष्मा स्वराजले १९९८ मा ५२ दिन दिल्लीको मुख्य मन्त्री पद समाल्नुभएको थियो भने शीला दीक्षित १९९८ देखि २०१३ सम्म लगातार तीनपटक मुख्य मन्त्री बन्नुभएको थियो ।

### को हुन् आतिशी ?

सन् १९८१ मा जन्मिनुभएकी आतिशी दिल्ली विश्वविद्यालयका प्रोफेसर विजयकुमार सिंह र तृप्ता वाहीकी छोरी हुनुहुन्छ । उहाँले दिल्लीको स्प्रिङडेल्स स्कुलमा अध्ययन गर्नुभएको हो । स्टीफन्स कलेजबाट इतिहास पढनुभएको उहाँले अक्सफोर्ड विश्वविद्यालयबाट स्नातकोत्तर गर्नुभएको छ । पछि आतिशीले आन्द्र प्रदेशको ऋषि भ्याली स्कुलमा पढाउनुभयो । उहाँ अर्ग्यानिक खेती र शिक्षा प्रणालीसँग सम्बन्धित काममा सक्रिय हुनुभयो । पछि उहाँ भोपाल आउनुभयो । त्यहाँ उहाँले धेरै एनजिओमा काम गर्नुभयो । यसैक्रममा उहाँ आम आदमी पार्टी र प्रशान्त भूषणको सम्पर्कमा आउनुभएको थियो । उहाँ अन्ना आन्दोलनको समयदेखि संगठनमा सक्रिय हुनुहुन्छ । हाल आम आदमी पार्टीको प्रमुख अनुहारमध्ये एक हुनुहुन्छ ।

## रविलाई कारबाही...

« पृष्ठ १ बाट क्रमशः

संसदीय छानबिन विशेष समितिले गोरखा मिडिया नेटवर्कले अवैध रूपमा विभिन्न सहकारीको ६५ करोड ५४ लाख चार हजार ५३८ रुपैयाँ लगानी भएको ठहरसहितको प्रतिवेदन संसद् मा पेस गरिसकेको छ । समितिले विभिन्न सहकारीका रकम गोर्खा मिडिया नेटवर्कबाट अवैध रूपमा खर्च गर्न रवि लामिछाने, जिबी राई र कुमार रम्तेल दोषी रहेको भन्दै उचित कानुनी कारबाहीका लागि सिफारिशसमेत गरेको छ । यद्यपि, समितिले दिएको प्रतिवेदनबारे सबैले आफू अनुकूल व्याख्या गरिरहेका छन् । अरू त अरू रवि लामिछाने स्वयंले आफूले 'क्लिन चिट' पाएको बताएपछि सामाजिक सञ्जाल पनि तरंगित बन्न पुगेको छ ।

## लामिछानेलाई सहकारी...

« पृष्ठ १ बाट क्रमशः

मिडियाको रकम अपचलनमा चाहिँ कारबाहीको लागि सिफारिश गरेको उहाँको दाबी छ । उहाँ भन्नुहुन्छ, 'विभिन्न सहकारीबाट ६५ करोड गोर्खा मिडियामा गएको छ । यो विषयमा सञ्चालक रवि लामिछानेको संलग्नता छैन भन्ने देखाइयो । त्यो सहकारीबाट गोर्खा मिडियामा गएको पैसा हिनामिना गरेको अवस्था छ । त्यो हिनामिना गरेको अवस्थामा कारबाही गरिनुपर्छ भनेर सिफारिश गरेको छ ।' वरिष्ठ अधिवक्ता पण्डित गोर्खा मिडियाले सहकारी ऐनअनुसार गैरकानुनी रूपमा ऋण लिएको दाबी गर्नुहुन्छ । सहकारीबाट गोर्खा मिडियामा आएको ६५ करोडको जिम्मेवारी सञ्चालक र सेयर धनीले नलिएर सोही कम्पनीले मात्रै लिने उहाँको जिकिर छ । ऋण लिएको कारणले सञ्चालक, प्रबन्ध निर्देशक र सेयर धनीलाई कारबाही गर्न कानुनी रूपमा नमिल्ने उहाँको तर्क छ । रवि लामिछाने, छविलाललगायत गोर्खा मिडियाका सञ्चालकलाई सहकारी ठगीमा मुद्दा नचल्ने उहाँको दाबी छ ।

## रकम दुरुपयोग...

« पृष्ठ १ बाट क्रमशः

भनी नकार्न नमिल्ने दाबी गर्नुहुन्छ । प्रबन्ध निर्देशक कम्पनीको 'हार्ट एण्ड माइण्ड' को रूपमा रहने बताउँदै उहाँले उक्त पदमा रहेको व्यक्तिले जिम्मेवारी लिनुपर्ने दाबी गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'पैसा चाहिँ आएको छ तर, त्यसमा मेरो जिम्मेवारी छैन भनेर उन्मुक्ति पाइँदैन ।' उक्त प्रकरणमा सहकारी कानुनको दफा १२२ र कम्पनी कानुन आकर्षित हुने वरिष्ठ अधिवक्ता त्रिपाठीको जिकिर छ । उहाँ नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङ र एमाले नेता ऋषिकेश पोखरेलको नाम पनि सहकारी ठगीमा मुछिएको भन्दै अनुसन्धान हुनुपर्ने दाबी गर्नुहुन्छ ।

## सरकारले कारबाही...

« पृष्ठ १ बाट क्रमशः

गठित संसदीय विशेष समितिले बुझाएको प्रतिवेदन सरकारले कार्यान्वयन गर्ने बताउनुभएको छ । मंगलबार प्रेस युनियन कैलालीले धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उपप्रधानमन्त्री सिंहले समितिले बुझाएको प्रतिवेदनका आधारमा संलग्नमाथि कारबाही प्रक्रिया अघि बढाइने बताउनुभयो । समितिको सुझावको आधारमा सबै प्रक्रिया पूरा गर्नुपर्ने सरकारको दायित्व नै भएको उहाँको भनाइ थियो ।

'संसदीय विशेष समितिले सहकारीको रकम दुरुपयोगसम्बन्धी प्रतिवेदन बुझाएको छ । सरकारले प्राप्त गरेपछि प्राप्त सुझावका आधारमा अध्ययन गरेर कार्यान्वयन गर्नेछ,' सिंहले भन्नुभयो, 'समितिको सुझावको आधारमा सबै प्रक्रिया पूरा गर्नुपर्ने सरकारको दायित्व हो त्यो गर्छ ।'

## छानविन प्रतिवेदनको...

« पृष्ठ १ बाट क्रमशः

कानुनी कारबाही गर्ने सम्मका विभिन्न सिफारिश गरिएको छ । 'कुनै पनि कम्पनीको आफ्नै उद्देश्य र मर्म हुन्छ । कम्पनीका सञ्चालक वा सेयरहोल्डरहरू त्यस्तो संस्थामा मुख्य जिम्मेवार हुन्छन् । सेयर सदस्य, सञ्चालक सदस्य र प्रबन्ध निर्देशकको भूमिका एवं जिम्मेवारीमा रहेका पात्रहरूले कम्पनीमा प्राप्त हुने रकमप्रति जिम्मेवारी र दायित्वबोध नगर्न मिल्दैन,' समितिले गरेको सिफारिशमा भनिएको छ, 'खातावाल हस्ताक्षरकर्ताहरू जसले खाता सञ्चालन अर्थात् वित्त परिचालनमा सहभागी हुन्छन्, त्यसबापत दायित्व ग्रहण गर्नुपर्दछ । सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तबरबाट गोर्खा मिडिया नेटवर्क प्रालिको खातामा आइसकेपछि उक्त रकम खर्च गर्ने/गराउने प्रक्रियामा संलग्न रहेको देखिन आएबाट निज सञ्चालकहरू अध्यक्ष गितेन्द्रबाबु राई र सदस्य कुमार रम्तेल तथा तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने र सञ्चालक छविलाल जोशी कम्पनीमा साझेदारका रूपमा बहाल रहेको अवधिमा सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानुनबमोजिम कारबाहीका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।'

समितिले स्पष्ट शब्दमा यस्तो सिफारिश गरेको भए पनि समितिमै रहेर आफ्नै सभापति लामिछानेलाई कारबाही गर्ने सिफारिश सहितको प्रतिवेदनमा हस्ताक्षर गर्नुभएका खनालले भने अपव्याख्या गरिरहनु भएको छ । यसैगरी, स्वयं सभापति लामिछानेले पनि आफू निर्दोष सावित भएको जिकिर गरिरहनु भएको छ । प्रतिवेदनले आफूलाई सहकारी ठगीको मुख्य आरोपबाट सफाइ दिएको उहाँले दोहोऱ्याउनु भएको छ । उहाँले उल्टै समितिको मुख्य निचोडलाई छायाँमा पारेर भ्रमपूर्ण प्रचार भइरहेको दाबीसमेत गर्नुभएको छ । रास्वपा सभापतिसहित अधिकांश नेताहरूले समितिले कारबाही सिफारिश गरेको कुरालाई सफाइ भनेर व्याख्या गरेपछि समर्थकहरू अर्थ बंग्याउने र गलत अर्थ लगाउने होडमा लागेका छन् ।

तर, समितिको प्रतिवेदनले लामिछानेलाई किर्ते र ठगी मुद्दासमेत चलाउन मार्ग प्रशस्त गरेको छ । रास्वपाका नेतासहित समर्थकले रविले सफाइ पाएको दाबी गरिहँदा कानुनविद्हरू भने समितिको प्रतिवेदनलाई कानूनसरह मानेर कार्यान्वयनमा लैजानुपर्ने बताउँछन् ।

संसदीय छानविन विशेष समितिका सभापति सूर्य थापा समितिको प्रतिवेदनमा कुनै समस्या नभएको तर नेताहरूले आफ्नो अनुकूल व्याख्या गरेको बताउनुहुन्छ । 'समितिको प्रतिवेदन सुस्पष्ट छ । सहकारीको पैसा निजी कम्पनीमा लैजानु नै गैरकानुनी भनेपछि सबै कुरा स्पष्ट हुन्छ', थापाको भनाइ छ । संसदीय समितिको सिफारिश कार्यान्वयन गर्ने दायित्व सरकारको हो । सरकारलाई सभामुखले प्रतिवेदन कार्यान्वयन गर्न निर्देशन दिइसकेको अवस्था छ । यस्तोमा सरकारले केही दिनमै ठोस कदम चाल्ने एक प्रभावशाली मन्त्रीले जानकारी दिनुभयो । 'सरकारले संसदीय समितिको प्रतिवेदन कार्यान्वयन गर्छ । त्यसका लागि केही दिन कुर्नुहोला । कारबाही होकि क्लिन चिट हो त्यसपछि थाहा हुन्छ', एक मन्त्रीले हिमालय टाइम्ससँग भन्नुभयो ।

## रविले सहकारीबाट...

« पृष्ठ १ बाट क्रमशः

संकलन गरिए । व्यापक संयन्त्र परिचालन गर्दा पनि रवि लामिछानेले सहकारीबाट प्रत्यक्ष एक रुपैयाँ पनि नलगेको, ऋण पनि नलिएको, कतै हस्ताक्षर पनि नगरेको स्पष्ट भएपछि समितिले सहकारीको रकम अपचलनमा कुनै भूमिका छैन भनेर प्रतिवेदन बुझाएको छ,' उहाँले भन्नुभयो ।

## रवि लामिछानेले...

« पृष्ठ १ बाट क्रमशः

ठगजस्तो अप्रिय आरोप लगाएर राजनीतिक क्षेप्यास्त्र नै छेडेर रास्वपालाई क्षति गर्न सकिन्छ कि भन्ने मक्सदले संसदीय समितिको माग गरिएको थियो । त्यो पूर्ण रूपमा खारेज भएको छ,' उहाँले भन्नुभयो, 'रकम आइसकेपछि गोर्खा मिडियामा एउटा अधिकारीको हिसाबले जिम्मेवारी कति बहन गर्ने, दायित्व कति हुन्छ भन्ने कुराको कानुनी निर्क्योल गर्दै सामान्य अनुसन्धानलगायत काम, कारबाही गर्न सरकारलाई सिफारिश गरेको छ । रवि लामिछानेजीले मूल आरोपबाट क्लिन चिट पाउनुभएको छ ।'

## प्रतिवेदनले म...

« पृष्ठ १ बाट क्रमशः

दाबी गर्नुभयो । 'ममाथि धेरै आरोप लागे । समितिले आफ्नो रिपोर्ट बुझायो । त्यसमा मूल आरोपका विषयमा स्पष्टसँग भनिएको छ । तर, मानिसहरूलाई चित्त बुझेन,' उहाँले भन्नुभयो, 'मलाई डेढ वर्षदेखि ठगको आरोप लगाइरहेका थिए । सहकारी ठगीको आरोपमा प्रतिवेदनले स्पष्ट भन्यो कि त्यो किसिमको क्रियाकलापमा रवि लामिछानेको संलग्नता छैन । तर, भ्रमको खेती गर्नेहरूलाई त्यो स्पष्टतासँग भनेको कुरासँग सरोकार छैन ।' आफूमाथि जति नै आरोप लगाए पनि ढल्ने छुट नभएको उहाँले बताउनुभयो । 'मलाई जित र हारको परवाह छैन । जितको उत्साह र हार्ने डरले लडिरहेको छैन । एकपछि अर्को आक्रमण र प्रहार खेपिरहेको छु,' उहाँले भन्नुभयो, 'छाती छियाछिया भएको छ । तर, ढल्ने छुट छैन । लड्ने छुट छैन ।' उहाँले आफूहरूलाई निरन्तर प्रहार भइरहेकाले त्यसको सामनाका लागि तयार रहन नेता-कार्यकर्तालाई निर्देशन दिनुभयो । 'छोटो समयमा राजनीतिक पार्टीको जीवनमा हुनुपर्ने/नहुनुपर्ने सबै घटनाक्रमको चाङमाथि हामी उभिएर बसेका छौं । यो यात्रामा हामीले अनैकौं भोग्नुपऱ्यो । हामीलाई कुनै समस्याहरूले छाडेको छैन । तर, ती समस्याहरूमा हाम्रो भूमिका छैन । हाम्रो आगमन नै अरूका लागि समस्या भयो त हामी के गरौं ?' उहाँले भन्नुभयो ।

# राष्ट्रपति पौडेलद्वारा इन्द्रजात्रा अवलोकन



**काठमाडौं/हिटा ।** राष्ट्रपति रामचन्द्र पौडेलले इन्द्रजात्रा अवलोकन गर्नुभएको छ । सांस्कृतिक एवं ऐतिहासिक पर्व इन्द्रजात्राका अवसरमा राष्ट्रपति पौडेल जुद्ध सालिकदेखि पैदल हनुमानढोका दरबार क्षेत्रस्थित गद्दी बैठक जानुभई जात्रा अवलोकन गर्नुभएको हो ।

उहाँलाई काठमाडौं महानगरपालिकाका उपमेयर सुनिता डंगोलले स्वागत गर्नुभएको थियो । जात्राका अवसरमा राष्ट्रपति पौडेलले श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथमा दक्षिणा चढाइ यात्रा गराउने अनुमति दिनुभएको थियो । यसपछि श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथयात्रा गरिएको थियो ।

भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरी सुरु भएको इन्द्रजात्राको मंगलबार मुख्य दिन हो ।

जात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाललगायत मन्त्रीहरू, सांसद, प्रदेश सभा सदस्य, स्थानीय तहका जनप्रतिनिधिलगायत सहभागी हुनुहुन्थ्यो । वर्षा र सहकालका देवताका रूपमा पुजिने इन्द्रको मंगलबार विधिपूर्वक पूजाआजा पनि गरिएको थियो । जात्राका अवसरमा लाखे नाच, दश अवतार नाचलगायत, महाकाली नाच, रामचन्द्र नाच, पुलुकिसी नाचलगायत सांस्कृतिक झाँकी, नाचगान हुने गर्छ । यस पर्वका अवसरमा काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिइएको छ ।

# राजेन्द्र महतोद्वारा नयाँ दलको घोषणा




**काठमाडौं/हिटा ।** राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले नयाँ पार्टी घोषणा गर्नुभएको छ । मंगलबार काठमाडौंमा राष्ट्रिय मुक्ति क्रान्तिको बिस्तारित बैठकबाट महतोले नयाँ राजनीतिक दल घोषणा गर्नुभएको हो । कात्तिकको पहिलो सातामा निर्वाचन आयोगमा पार्टी दर्ता गराउने गरी प्रक्रिया अघि बढाउने पनि महतोले बताउनुभयो ।

उहाँले पार्टीको नाम भने 'राष्ट्रिय मुक्ति क्रान्ति नेपाल' रहने जानकारी दिनुभयो । राष्ट्रिय मुक्ति क्रान्तिको बिस्तारित बैठकले पार्टीको अध्यक्ष महतो स्वयं रहने निर्णयसमेत गरेको छ । लोकतान्त्रिक समाजवादी पार्टी, नेपालबाट अलग भएको करिब आठ महिनापछि महतोले नयाँ पार्टी घोषणा गर्नुभएको हो । नेता केशव झाका अनुसार पार्टीको पदाधिकारीहरू टुंगिएको छैन । पदाधिकारी र पार्टीको संरचना टुंग्याएपछि दल दर्ता गरिने उहाँले बताउनुभयो । बैठकले निर्वाचन आयोगमा दल दर्ता गराउने सम्पूर्ण अधिकार अध्यक्ष महतोलाई दिएको छ । महतो नेतृत्वको दलमा उहाँसँगै लोसपा छाडेका नेताहरू छन् । सुमन समामी, बुद्धराज स्याङ्तान लगायतका नेताहरू पनि हुनुहुन्छ ।

# डेढ दशकपछि बागलुङ नगरपालिकाको फोहोर व्यवस्थापन गरिँदै

**डम्मर बुढा मगर/हिटा**
बागलुङ, १ असोज



बागलुङ नगरपालिकामा उत्पादन भएको फोहोरलाई डेढ दशकपछि बल्ल व्यवस्थापन गर्न थालिएको छ । बागलुङ नगरपालिकाको प्रमुख समस्याका रूपमा रहेको फोहोरलाई घरबाटै वर्गीकरण गर्ने, फोहोरलाई प्रशोधन गर्ने र जिरो वेस्ट प्रविधिबाट फोहोरलाई व्यवस्थापन गर्न नगरपालिकाले एक करोड लागतको योजनामा धमाधम काम गरिरहेको छ । डेढ दशकदेखि बागलुङ नगरपालिका-१ मालढुंगामा थुप्रिएको फोहोरलाई स्थानान्तरण गरेर फोहोरलाई वर्गीकरण र प्रशोधनका लागि ल्याण्डफिल्ड साइड खाली गरेर थालिएको संरचना निर्माणले अन्तिम रूप लिएको छ ।

बागलुङ नगरपालिकाले फोहोर व्यवस्थापनका लागि एक करोडको 'क्लिन बागलुङ' परियोजना अघि सारेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । बागलुङ नगरपालिकाले घरबाटै फोहोरको वर्गीकरण गर्ने र ल्याण्डफिल्ड साइडमा फोहोर प्रशोधन गर्ने तयारीका लागि पूर्वाधार निर्माण, फोहोर संकलन गर्ने बाल्टी र फोहोर उठाउने सवारी साधनको व्यवस्थापन मिलाइसकेको छ ।

नगरपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको एक करोड लागतमा दीर्घकालीन रूपमा फोहोरको व्यवस्थापन गर्न थालिएको छ । नगरपालिकाले बागलुङ बजारमा १५ हजार फोहोर संकलन गर्ने तीन थरि रङका बाल्टी वितरण गर्न थालेको छ भने सोही रङकै सवारी साधन तयारी अवस्थामा राखिएको छ ।

बागलुङ नगरपालिकाले तीन तहका फोहोर संकलन गरेर 'जिरो बेस्ट' अर्थात् सबै फोहोरको उचित सदुपयोग गर्ने अभियान थालेको छ । डेढ दशकदेखि नगरपालिकाले कालीगण्डकी र काठेखोला छेउको खुर्तुकेमा फोहोर फाल्दै आएको थियो । कुहिने, नकुहिने र पुन: प्रयोग गर्न मिल्ने फोहोरको छुट्टाछुट्टै व्यवस्थापन गर्न लागेको नगरप्रमुख श्रेष्ठले बताउनुभयो । 'रातो बाल्टीमा नकुहिने, निलो बाल्टीमा पुन: प्रयोग गर्न मिल्ने र हरियोमा कुहिने फोहोर संकलनका लागि नगरपालिकाको बजार क्षेत्रमा बाल्टी वितरणको तयारी छ, सोही रङका तीनवटा सवारी साधन तयार भइसकेका छन्,' नगरप्रमुख श्रेष्ठले भन्नुभयो, 'रातो बाल्टीको फोहोर उठाउन रातै रङको सवारी साधन आउँछ, निलो बाल्टीको फोहोर ल्याउन निलो रङ भएको सवारी र हरियो बाल्टीको कुहिने फोहोर ल्याउन सोही रङकै सवारी साधन दिन बिराएर घरदैलोमा आउँछ, नागरिकले फोहोरको वर्गीकरण घरमै गर्न आवश्यक छ जसका लागि नागरिकलाई घरमै पुगेर सचेतना दिइन्छ ।'

चालु आर्थिक वर्षमै फोहोर व्यवस्थापनमा नमुना पालिका बनाउने योजना रहेको भन्दै नगरप्रमुख श्रेष्ठले डम्पिङ साइड अब फोहोर संकलन केन्द्र नभएर पर्यटकीय केन्द्र बन्ने बताउनुभयो । उहाँले अहिले फोहोर व्यवस्थापन गरिएको स्थान वनभोज स्थलका रूपमा प्रयोग गरिनेछ भने डेढ दशकदेखि फोहोर थुपारिएको आठ रोपनी जग्गामध्ये तीन रोपनी जग्गामै फोहोर वर्गीकरण र प्रशोधनको काम हुनेछ भने अन्य जग्गालाई हरियाली बनाइनेछ ।

फोहोर व्यवस्थापन अध्ययन तथा अवलोकन गर्ने स्थलका रूपमा डम्पिङ साइडलाई परिणत गर्नका लागि नगरपालिकाले फोहोर व्यवस्थापनलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको छ । नगरपालिकाभित्र ८० प्रतिशत कुहिने फोहोर संकलन हुने भन्दै कुहिने फोहोरबाट कम्पोष्ट मल तयार गर्ने र अन्य फोहोरलाई प्रशोधन गर्ने नगरपालिकाको नीति रहेको छ ।

नकुहिने फोहोर संकलन गरेर बिक्री गर्ने तथा अस्पतालजन्य फोहोर, सिसासमेतलाई शून्य बनाउने दक्षिण कोरियाली प्रविधिको उपकरण खरिदका लागि सम्झौता भइसकेको नगरपालिकाले जनाएको छ । फोहोरलाई त्यसै थुपार्दा दुर्गन्धित हुने, प्रशोधन गर्न नसकिने तथा कुहिने फोहोरका कारण नकुहिने फोहोरसमेत छुट्याउन असहज भएपछि नगरपालिकाले फोहोर संकलन स्थललाई ढलान तथा ट्रस्टले छोप्न पूर्वाधार निर्माण गरिसकेको छ । विसं २०५४ सालमा स्थापना भएको नगरपालिकाले सुरुको एक दशक कालीगण्डकी नदीमा फोहोर फाल्दै आएको थियो । त्यसपछि नगरपालिकाले डम्पिङ साइड निर्माण गरेर फोहोर संकलन गरे पनि व्यवस्थापन गर्न नसक्दा डम्पिङ साइड भरिएको थियो । नगरपालिकाले दीर्घकालीन रूपमै फोहोर व्यवस्थापन थालेको नगर उपप्रमुख राजु खड्काले बताउनुभयो ।

# विद्यार्थी बिरामी हुँदा पठनपाठन प्रभावित

**दाने बोहरा/हिटा**
हुम्ला, १ असोज

हुम्लाको मध्य भेगमा रहेको सर्केगाड गाउँपालिका-२ उनपानी गाउँमा रहेका विद्यालयका प्राय: विद्यार्थी केही दिनयतादेखि धमाधम बिरामी पर्न थालेका छन् । उनापानी र रिप गाउँमा रहेका विद्यालयका विद्यार्थी विद्यालय समयमा बिरामी हुँदा पठनपाठन प्रभावित बनेको कुन्नकोट प्राथमिक विद्यालय रिपका प्रधानाध्यापक नवराज फडेराले बताउनुभयो । केही दिनयता अचानक विद्यार्थी बिरामी हुन थालेको प्रधानाध्यापक फडेराको भनाइ छ । छात्राहरू बिरामी हुन थालेपछि छात्रहरू झाँक्रीको भेषमा पतुर्ने (नाच्ने) गर्ने गरेको उहाँले बताउनुभयो । विद्यालयमा विद्यार्थी बिरामी हुन थालेपछि बिहीबार र शुक्रबार विद्यालय बन्दसमेत गरिएको उहाँले बताउनुभयो ।

यस्तै वडा-२ लिप्नेमा रहेको लाली गुराँस माध्यमिक विद्यालयका विद्यार्थी पनि बिरामी हुने गरेको प्रधानाध्यापक कालीबहादुर महताराले बताउनुभयो । विद्यार्थी बिरामी भए पनि विद्यालय भने बन्द नगरिएको प्रधानाध्यापक महताराले जानकारी दिनुभयो । विद्यालय समयमा बिरामी भएका विद्यार्थीलाई घर पठाउने र उनीहरूका अभिभावकहरूले धामी झाँक्रीकोमा लगेर देवीदेवताको पूजा गर्ने गरेको बताइएको छ ।

यस्तै, वडा नम्बर ३ उनापानी गाउँमा रहेको देवकोटा प्राथमिक विद्यालयका विद्यार्थी पनि बिरामी परिरहेको बताइएको छ । यस क्षेत्र आसपासका प्रायजसो विद्यार्थी विद्यालयमा बिरामी हुने गरेको बताइएको छ । विद्यार्थी के-कति कारणले बिरामी हुने गरेका हुन् त्यो आफूहरूलाई थाहा नभएको विद्यालय प्रशासनले जनाएको छ ।



प्रायजसो विद्यार्थी बिरामी हुन थालेपछि उनीहरूको पठनपाठन प्रभावित हुनुका साथै विद्यालयलाई पनि समस्या हुने गरेको बताइएको छ । यी विद्यार्थीमा अनौठो बिरामी देखिएको प्रधानाध्यापक महताराले बताउनुभयो । सुरुमा एक-दुई छात्रामा काँप्ने, रुने, कराउने र चिच्याउने गर्नुका साथै शरीर बाउँडिने समस्या देखापरेपछि पछि अधिकांश विद्यार्थीमा यो समस्या देखिने गरेको हो ।

छात्रा बिरामी हुँदा छात्रहरूमा देवता आउनुका साथै अनौठो बिरामी देखापरेको प्रधानाध्यापक महताराले बताउनुभयो । विद्यार्थीमा अचानक बिरामी हुने यो समस्या आफूहरूलाई जानकारी नभएको बताइएको छ । के-कति कारणले विद्यार्थी बिरामी हुने गरेका हुन् कसैलाई थाहा नभएको उहाँको भनाइ छ । महिला पुरुष विद्यार्थीमा देवता आएर धामीझाँक्रीको जस्तै शरीर काँप्ने गरेका छन् ।

विद्यार्थी अचानक बिरामी हुन थालेपछि स्वास्थ्य सेवा कार्यालय हुम्ला, गाउँपालिकाको स्वास्थ्य शाखामा विद्यार्थीको उपचारका लागि मनोचिकित्सकको चाँडो व्यवस्था गर्न पत्राचार गर्ने उहाँले बताउनुभयो । हुम्लामा यो समस्या विद्यार्थीमा दोस्रोपटक देखिएको हो । गत वर्ष सर्केगाड गाउँपालिका केन्द्र हिमज्योति माध्यमिक विद्यालयका विद्यार्थीमा समेत यो समस्या देखिएको थियो ।

# सुदूरमा मनाइयो बुढी पोल्ने पर्व

**टेकराज अवस्थी/हिटा**
डडेल्धुरा, १ असोज

सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा मंगलबार बुढी पोल्ने अर्थात् बन्दुनी पर्व धूमधामका साथ मनाइएको छ । भगवान् श्रीकृष्णले कंशकी बहिनी पुतना राक्षसीलाई मारेको सम्झनामा प्रत्येक वर्ष असोज संक्रान्तिका दिन विजय उत्सवका रूपमा मनाइने परम्परा रहिआएको छ ।

भाद्र संक्रान्तिका दिनमा काँडा तथा रूखका हाँगाहरू र झाडीहरूद्वारा ठड्याइएको लिंगो अर्थात् बुढीलाई सन्ध्याकालमा घर-घरबाट गाईको गोठमा भूतप्रेत खेदेर आगाको राँको ल्याई सामूहिकरूपमा दहन गर्ने गरिन्छ ।

द्वापर युगमा राक्षस पुतनाले राजा कंशको आदेशमा भगवान् श्रीकृष्णलाई दूधका रूपमा विष खुवाएर मार्न लगाएको र भगवान् श्रीकृष्णले थाहा पाएर उल्टै राक्षसी पुतनाको रगत चुसी मारेको खुसियालीमा यो पर्व मनाउने धार्मिक विश्वास रहेको छ । दोबाटोमा राखिएको पुतना राक्षसको आकृतिलाई दहन गरी जलेको उक्त खरानीको तिलक गाईलाई लगाउने चलनसमेत रहेको छ । यसो गर्दा गोठमा पालिने जनावरलाई कुनै रोग नलाग्ने धार्मिक विश्वास रहेको छ । पुतनाको स्वरूपमा तयार गरी सिंगारिएको बाबियोलाई मंगलबार बिहान गोठबाट निकालेर दिनभरि घाममा सुकाई साँझ थुई बुढी थुई भन्दै काँक्रो चपाएर राक्षसी प्रवृत्तिको निन्दा तथा विकृतिपूर्ण भइरहेको सामाजिक परिवेश र देशको वर्तमान अवस्थाप्रति आलोचना र गाली गर्दै जलाउने गरिएको छ । भव्यरूपले मनाउने परम्परा पछिल्लो समय जिल्लाका विभिन्न स्थानमा युवा क्लब तथा सामाजिक संस्थाहरूको आयोजनामा डेउडा खेल खेल्दै प्रहसन नाटक तथा सांगीतिक र सांस्कृतिक कार्यक्रम गरेर पनि मनाइने गरिएको छ ।



# थुनुवा भगाएपछि झापामा तीन प्रहरी निलम्बित

**राजेन्द्र गौतम/हिटा ।** कर्तव्य निर्वाहमा लापरबाही गरेको निष्कर्षसहित झापामा तीनजना प्रहरी निलम्बनमा परेका छन् । निलम्बनमा पर्नेहरूमा सहायक हवल्दार धनेश्वर यादव, प्रहरी जवानद्वय दिपेन मण्डल र सामकुमार राई छन् ।

कार्यक्षेत्रमा खटिएकै बेला कैदीबन्दीको आफन्तले खुवाएको मादकपदार्थ सेवन गरेको र कैदीबन्दी भगाउन भूमिका निर्वाह गरेपछि उनीहरू निलम्बनमा परेका हुन् । उपचारका लागि अस्पताल लगिएका कैदीबन्दी स्कुटर लिएर फरार भएको सो घटनाको छानबिन गर्न प्रशासनले चार सदस्यीय छानबिन समिति बनाएको थियो ।

जिल्ला प्रशासन कार्यालय झापाका सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपालको संयोजकत्वमा छानबिन समिति बनाइएको हो । झापाका प्रहरी प्रमुख एसपी मिलन केसीका अनुसार छानबिन समितिमा सहायक प्रजिअ नेपाल, राष्ट्रिय अनुसन्धान कार्यालय र जिल्ला कारागार झापाका प्रमुख र जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक सदस्य छन् । यद्यपि, सो छानबिन समितिको समयसीमा स्पष्ट पारिएको छैन ।

प्रहरीका अनुसार भद्रपुर नगरपालिका-५ घर भएका २४ वर्षीय जीवन साह शनिबार बिहान ओमसाई अस्पताल भद्रपुरबाट प्रहरीलाई छक्याएर भागेका थिए । साहलाई झापा जिल्ला अदालतले १६ वर्षीया बालिकालाई जबरजस्ती करणी मुद्दाको आरोपमा पुर्पक्षका लागि गत भदौ ५ गते झापा कारागार चलान गर्न आदेश दिएको थियो ।

कारागारमा रहेका साहलाई छातीमा समस्या भएपछि उपचारका लागि भदौ २५ गते प्रादेशिक अस्पताल भद्रपुर लगिएको थियो । उनलाई प्रादेशिक अस्पतालबाट तत्कालै ओमसाई पाथीभरा अस्पतालमा रेफर गरिएको थियो । उनी सोही अस्पतालबाट प्रहरीलाई छक्याएर फरार भएका हुन् ।

ओमसाई पाथीभरा अस्पतालमा उपचाररत साह शनिबार बिहान ३:४० बजे शौचालय जाने बहाना बनाएर शौचालयबाटै भागेका थिए । स्कुटरसहित साह भद्रपुर ३ को मेचीपुलको झोलुंगे पुल हुँदै भारततर्फ भागेका छन् । साहलाई श्रीमतीले भगाएको बताइन्छ । ओमसाई पाथीभरा अस्पतालमा उपचाररत साह अस्पतालको दोस्रो तलाको दुई नम्बर क्याबिनमा बसेका थिए ।

# चोरीको स्कुटरसहित एकजना पक्राउ

**काठमाडौं ।** काठमाडौं महानगरपालिका-२५ बांगेमुढाबाट सोमबार स्कुटर चोरीमा संलग्न एकजनालाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको छ ।

शंकास्पद अवस्थामा बागमती प्रदेश-०२-०२५ प ८५३६ नम्बरको डियो स्कुटर चलाइरहेका काठमाडौं-१८ रक्तकालीका २० वर्षीय रोहित शाहीलाई ट्राफिक प्रहरीले नियन्त्रणमा लिएको हो ।

वास्तविक नम्बर प्रदेश -०३-०२-०१५ प ०५३६ रहेको स्कुटर काठमाडौंको ठमेलबाट हराएको भनी सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-३ बस्ने सत्कार न्यौपानेले काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा खोजतलासका लागि निवेदन दिनुभएको थियो ।

## कम्पनिको नाम परिबर्तन सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/०२**

यस कम्पनिको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनि रजिष्टर कार्यालयबाट **मिति : २०८१/०४/०८** मा स्वीकृत प्राप्त भई साविक कम्पनि **फोरि वि प्रा. लि (प्रा. लि. न : २६९५७४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा लिनं पर्ने व्यहोरा पर्ने ऋण धन, कर, दायित्व आदि परिवर्तित नामको **पफिन क्राफ्ट प्रा. लि (Puffin Kraft Pvt.Ltd )** ले सकार्ने व्यहोरा गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुल्बार, उदयपुर, कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८१/०६/०२

यस कार्यालयको मिति २०८१/०४/३१ को **"Barsha le bigareko Sadak Marmat tatha sambhar, RRM-1 to 8, Udayapur"** सम्बन्धी ठेक्काको बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएको बोलपत्र न्युनतम् मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (PS र भ्याट सहित) |
|---|---|---|---|---|
| १ | २०८१/०८२/०१ | Barsha le bigareko Sadak Marmat tatha sambhar, RRM-1 to 8, Udayapur | Kartik Nirman Sewa, Triyuga-8, Jhora Udayapur | रु.१६,९३,०८४।८५ |

प्रमुख प्रशासकीय अधिकृत

## वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको

**अनलाईन बोलपत्र (इ-टेण्डर) आव्हानको सूचना**

(सूचना प्रकाशित मिति:२०८१।०६।०२)

यस प्रतिष्ठानलाई आवश्यक तपसिलमा उल्लेखित सामाग्रीहरू छुट्टा छुट्टै अनलाईन बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनी बाट अद्यावधिक फर्म दर्ता प्रमाण पत्र, PAN दर्ता प्रमाण पत्र, आ.व. ०७९।०८० को करचुक्ता प्रमाणपत्र, "कम्पनीहरूले कम्पनी दर्ता गर्दाका बखत कम्पनी ऐन, २०६३ को दफा ४६ को उपदफा (१) अनुसार तयार गरिएको शेयरधनी र डिबेन्चरवालाको दर्ता किताबको प्रमाणित प्रतिलिपि", घोषणा पत्र, बोलपत्र दस्तुर र बैंक जमानी पत्र (बिड बण्ड) Medicine for Hospital Pharmacy (Additional)- Unit Rate को हकमा DDA Registration Certificate, Medicine for Hospital Pharmacy (Dermatology)- Unit Rate को हकमा मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र र Orthopedics Implants (Unit rate) को हकमा मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, Manufacturer's Authorization Letter को स्क्यान प्रतिहरू सहित अनलाईन बोलपत्र (e-tender) आव्हान गरिएको छ । अनलाईन बोलपत्र सम्बन्धी विस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फाराम भर्ने तरिका आदि बारे सम्पूर्ण कागजातहरू (Bid Document) सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्बन्धी वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । सोही सूचना, शर्त आदिको आधारमा अनलाईन ई-बोलपत्र मिति २०८१।०७।०४ गते (तदनुसार अक्टोबर २०, २०२४) दिउँसो १२:०० बजे भित्र पेश गर्न सूचित गरिन्छ । ई-बोलपत्र खोल्ने मिति र समय २०८१।०७।०४ दिउँसो १४:०० बजे ।

| सि.नं. | बोलपत्रको विवरण | फारम दस्तुर | बिडबण्ड रकम |
|---|---|---|---|
| १ | Medicine for Hospital Pharmacy (Additional)- Unit Rate (IFB No.: BPKIHS/081/082/14) | रू. ५,०००।- | रू. २२,००,०००।- |
| २ | Medicine for Hospital Pharmacy (Dermatology)- Unit Rate (IFB No.: BPKIHS/081/082/15) | रू. ५,०००।- | रू. ८५,०००।- |
| ३ | Orthopedics Implants (Unit rate) (IFB No.: BPKIHS/081/082/16) | रू. ५,०००।- | रू. २५,००,०००।- |

CMYK

## सम्पादकीय

# रवि, सहकारी र नैतिकता

सहकारी प्रकरणमा संसदीय छानविन समितिको प्रतिवेदनले राजनीतिको मैदान तताउन समर्थ रवि लामिछानेको नैतिकता धरापमा परेको छ । चर्चित मानिसकै चर्चा हुन्छ । बाँकी अरूको चर्चा पूरै ओझेलमा पुग्छ । नैतिकता गुमेको राजनीतिमा नैतिकहीनहरूको समर्थन व्यापक हुन्छ । तर, हिजोका दिनमा रवि लामिछानेको राजनीतिलाई, सफल, रहस्यमय, लोकप्रिय, अराजक र उत्तेजक बनाउने ती मतदाताको शीर पनि सायद यो प्रकरणले नुहेको हुनुपर्छ । चम्किलो सञ्चारकर्मी राजनीतिको आगोमा पुगेर सबैलाई पोल्ने प्रयासमा लागेपछि रविका पूर्वपत्रहरू एकपछि अर्को गरी खुल्दै गएका थिए । सुरुमै पासपोर्ट विवाद, नागरिकता प्रकरण, अमेरिकी नागरिकता प्राप्तिको भाषा, परित्यागको अन्यौल, दुई नागरिकतामार्फत पासपोर्ट र भिसाप्राप्ति अनगिन्ती पत्रहरूको भारी छ रविको पिठ्यूँमा । अहिले आएर सहकारीको रकम अपचलन गरेको आरोपलाई समेत संसदीय छानविन समितिको प्रतिवेदनले सत्यापित गरेको छ ।

यद्यपि नेपालको वर्तमान राजनीति र संसद्मा अनेक चरित्रपात्रहरूको प्रविष्टि छ । ज्यानमाराहरूको, अर्काको सम्पत्ति लुटपाट गर्नेहरूको, अकूत सम्पत्तिका मालिकहरूको बोलवाला नभएको होइन । तर, त्यस प्रवृत्तिविरुद्ध वैकल्पिक लोकतान्त्रिक शक्तिको सपना बाँडेर शक्तिमा पुगेको मानिस कुनै पनि अर्थमा स्वच्छ हुनुपर्ने आममान्यता छ । थोरै पनि दाग लाग्यो भने वैकल्पिकका नारा पुरानै जस्ता फोस्रा सिद्ध हुनेछन् । अहिले राष्ट्रिय स्वतन्त्र पार्टी र यसको नेतृत्वको हालतमा पनि त्यही फोस्रानारा संवाहक हुन पुगेको छ । प्रथम ग्रासे मक्षिका पात: जस्तो हुनपुगेको छ रविको सभापति पद र यस पार्टीको । रविको मात्रै होइन पार्टीका सांसद ढाकबहादुर प्रकरणले धेरैको ढक्कन खुलाएको थियो । त्यसलगत्तै अत्यन्त विद्वान र प्रतिभाशाली मानिएका डा.स्वर्णिम वाग्लेको मुनरो डक्ट्रिनको महिमामण्डनले त यो पार्टीलाई विवादबाट उठ्नै नसक्ने भाषमा पुऱ्याएको अवस्था छ । अब रवि लामिछानेका विषयमा संसदीय समितिको निष्कर्षले त विकल्पको सपना शिव शर्माको सातुमा परिणत गरिदिएको छ । शिव शर्माको सातु सपना वास्तवमा नै नेपाली राजनीतिका प्रत्येक चमत्कारको खोजिमा रहनेहरूका लागि मीठो उदाहरण बनेको छ ।

रविले हर समय गृहमन्त्रालय नै दावी गर्नुको रहस्य कारण पनि उनका अनेक पृष्ट पत्रहरूको पोल अनन्तकालसम्म नखुलोस् भन्नकै लागि रहेछ भनेर बुझ्न सजिलो भएको छ । दोहोरो नागरिकता र पासपोर्ट विवादमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको असीम अनुकम्पा र महान्यायाधिवक्ताको कानुनप्रतिको अडानभन्दा पनि निर्देशनप्रतिको समर्पणले जोगिएको कथा धेरैलाई थाहा छ । त्यो कथा कुनै दिन स्वयं दाहाल वा तत्कालीन महान्याधिवक्ता आफैंले भन्नुहोला । तर, मानिस एकपटक वा केही पटक जोगिन सक्छ । केही समय अरूलाई ढाँट्न, छल्न सफल होला । निरन्तर त्यस्तो ढाँट र छलको प्रयास सफल हुँदैन ।

नेपालमा सहकारी सिद्धान्तलाई समाजवादी अर्थतन्त्रको मेरुदण्ड मानिएको छ । केही ठूला वचत तथा ऋण सहकारीहरूमा देखिएको समस्याका कारण यतिखेर सिंगो यो क्षेत्रलाई शंकाका आँखाले हेर्ने गरिन्छ । करिब ३५ हजार सहकारीमध्ये केही सहकारीहरू चाँडै धनकुवेर हुने सपना देख्ने सञ्चालकहरूको महत्त्वाकांक्षाको सिकार भएका छन्, केही जानीजानी निजी कमाइको खेतीको मारमा परेका छन्, केही इमानदारीपूर्वक काम गर्दागर्दै असफल भएका छन् र केही सञ्चालन विधि राम्ररी थाहा नपाएर नै अप्ठ्येरोमा परेका छन् । यसरी अज्ञानताबस दुर्घटनामा परेकाहरू निकै थोरै होलान् ।

नेपाली अर्थतन्त्रको मेरुदण्ड नै हो सहकारी । अहिले अत्यधिक अविश्वसनीय अपारदर्शी जस्तो हुन पुगेको छ । तीनखम्बे नीतिअन्तर्गत रहेको सहकारी सञ्चालनको दोष दिएर र कारबाहीको डण्डा चलाएरमात्रै सरकारी संयन्त्रले धर पाउने अवस्था छैन् । बैंक हुन् वा सहकारी वा अन्य वित्तीय संस्थाहरू ऋण दिएर, लगानी गरेर आयोजनाको सफलताका लागि सहयोग गर्दैनन्, उल्टै ऋणी कतिखेर डुब्छ, कतिखेर असफल हुन्छ र धितो लिलिम गर्न पाइयोस्, कारबाही गर्ने बाटो खुलोस् भन्नेमा केन्द्रित देखिन्छन् । केही व्यवसायीहरू पनि ऋण पाउनासाथ अपचलन गर्ने, निर्धारित योजनामा लगानी नगर्ने, ह्वात्तै धन आर्जन कताबाट हुन्छ भन्ने सोचमा व्यस्त देखिने गरेका अनेक दृष्टान्त छन् ।

सहकारीको मूल समस्या विगतमा जग्गाको मूल्य पनि हो । उद्योग व्यवसायमा भन्दा अधिकांश वचतकर्ताको रकमले जग्गा खरिद बिक्रीको खेल भयो । जग्गाको मूल्य घट्नासाथ वचतकर्ताको रकम फिर्ता गर्ने सामर्थ्य सहकारीमा भएन । यही कारणले कतिपय सहकारी सञ्चालकहरूले आत्महत्यासमेत गरेका छन् भने केही इमानदार ऋणीहरू पनि आत्महत्या गर्न विवश देखिएका छन् । तर, सिधा ठग्ने नियतकासाथ सहकारीको पैसा दुरुपयोग गर्नेहरूलाई कुनै पनि अर्थमा कानुनी उन्मुक्ति हुनुहुँदैन । रवि, जिवी र छवि जोडिएको सहकारी काण्ड नियतबस गलत आसयले गरिएको स्पष्ट छ । यो काण्ड ठगहरूले कुन रूपमा आफूलाई महान् सिद्ध गर्न आर्थिक अपचलन, कानुनी दाउपेचका आधरमा गरिरहेका हुन्छन् भन्ने यो काण्डले देखाएको छ ।

दुई वर्ष पहिले ज्वारभाटा जस्तो नेपाली राजनीतिमा आएको रास्वपा र रविको अबको संभावनालाई यो काण्डले पानी फेरिदिएको देखिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी करिब नेपाली युवाहरू माझ आसाको दीयो जगाउने गरी उदाएको थियो । देशविदेशबाट रविको समर्थनमा हजारौं युवाहरू जुरुक्क उठेका थिए । पुराना दलहरूका नेताहरूको कामकारबाहीसँग दिक्क भएका, नयाँ सपनाको खोजी गर्न तम्तयार युवायुवतीहरूको ठूलो समर्थन यसमा थियो । नाम आकर्षक छ । स्वतन्त्रताका पक्षधर हरेकले नामका कारणले पनि समर्थन गरे होलान् । तर, अब हिजोको त्यो मानक शक्ति रास्वपामा रहेन ।

अब त यो पार्टीको भविष्यमाथि समेत प्रश्न उठेको छ । कानुनी लडाइँ रविले लडेर जित्न पनि सक्लान् । तर, सेतो कमिजमा लागेको दुर्नामीको दाग हत्तपत्त मेटिँदैन । छानविन समितिमा बसेका एमाले नेता सूर्यबहादुर थापासहित सबै सदस्यहरूले अत्यन्त पश्रिमपूर्वक प्रतिवेदन तयार पारेका छन् । अरू यस्तै समस्यालाई समेत दृष्टिगत गरी प्रतिवेदनले सिद्धान्तसमेत प्रतिपादन गरेको देखिन्छ । यद्यपि यसको कानुनी हैसियत के होला त्यो काननचीहरूले गर्ने व्याख्यामा निर्भर होला । तर, पनि यो प्रतिवेदनले अहिले रवि लामिछाने र रास्वपालाई भने नैतिकताको अग्निपरीक्षा दिनुपर्ने बनाएको छ ।

# आजको प्रश्न : राजनीतिक स्थिरता–३

**कालापानीको एक बित्ता जमिन होस् सुस्ताको बगरको विषय टुंगो लगाउन नसक्ने आजको राजनीति र नेतृत्वले पृथ्वीनारायण शाहको त्यो ऐतिहासिक उपहारको अवज्ञा गर्नुले परनिर्भर राजनीतिलाई नै मलजल गर्दै स्वीकार गरेको स्पष्ट हुन्छ । अहिलेका विधिशास्त्र, कूटनीतिशास्त्र, अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि गर्नेहरूभन्दा पूर्वीय शास्त्रको सामान्य ज्ञान भएका पृथ्वीनारायण शाहको कूटनीतिक ज्ञान हजारौं गुणा बढी देखिन्छ । उहाँका दिव्योपदेश यसका साक्षी हुन् ।**



● प्रा.पुरुषोत्तम दाहाल

**सोमबारको अंकबाट क्रमश:**

अर्को कुरा बी.पी.कोइराला अन्य राजनीतिक दलहरूसँग मिलेर आन्दोलनका विपक्षमा रहनुभयो । कांग्रेसकै बलमा परिवर्तनको विचार उहाँको थियो । साम्यवादी विचारक र नेता पुष्पलालले संयुक्त जनआन्दोलनको प्रस्ताव राख्नु हुँदा पनि राजनीतिक प्रस्ताव मेरो र आर्थिक प्रस्ताव तपाईंको भन्ने प्रस्ताव गर्नुभयो । सायद पुष्पलालले यस विषयमा ठोस निर्णय गर्ने समय पाउनु भएन होला । तर बी.पी.को विचारविपरीत गणेशमान सिंहको सर्वमान्य नेतृत्वमा संयुक्त जनआन्दोलन भयो र निर्दलीय पञ्चायतको अवसान भयो । ०४६ माघ ५ देखि ७ सम्म सिंहको चाक्सीबारीमा सम्पन्न कांग्रेस भेलाले सोही फागुन ७ देखि जनआन्दोलन गर्ने निर्णय गऱ्यो । अनेक घटकमा रहेका कम्युनिष्ट पार्टीहरूलाई सिंहले यौटा मोर्चा गठन गर्न आग्रह गर्नुभएपछि ७ वाम घटकको मोर्चा बन्यो । त्यसमा एकजना स्वतन्त्र वामपन्थी नामक पद्मरत्न तुलाधर हुनुहुन्थ्यो आठौंमा ।

०३६ को जनमत संग्रहमा : पुष्पलालवादीहरूले नेतृत्व गरेको समूह, मनमोहन अधिकारीको नेतृत्व समूह, विष्णुबहादुर मानन्धर, कृष्णराज वर्मा समूह (पहिले डा.रायमाझी नेतृत्व तर उनी दरबार परस्त भएका कारण मानन्धरहरूको पृथक समूह बनेको) तुल्सीलाल समूह भने बहुदलका पक्षमा सक्रिय थियो । एक प्रकारले नेपाली कांग्रेसको अभियानसँग अघोषित मोर्चाबन्दी नै थियो । ०४२ को सत्याग्रहमा समेत पुष्पलालवादी, मार्क्सवादी र मानन्धर समूहको सहभागिता रहेको थियो ।

यसका विपरीत, इण्डोनेसियाका डीएन एदितको सूत्र, ०४२ मा भारत छोडो आन्दोलनमा अंग्रेजका पक्षमा उभिएका कम्युनिष्टहरूको रणनीति, दोस्रो विश्वयुद्धमा कम्युनिष्ट रुसले हिट्लरसँग मिलाएको हातजस्तो गरी नेपालका अतिवादी कम्युनिष्टहरूको नीति जहिले पनि प्रतिगामी र प्रतिक्रियावादी देखिन्छ । कहिले राष्ट्रवादका नाममा, कहिले जनजीवीका नाममा, कहिले किसानमजदुरका अधिकारका नाममा देशलाई राजनीतिक परिवर्तन र विकासको मार्गतर्फ सशक्त हुन छेक्ने काम गरिरहेका छन् । उनीहरूले वितरण गरेका सपनामा भुल्ने नागरिकहरूको कमी पनि छैन ।

०४६ चैत २६ को घोषणापश्चात् नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा राजाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, कम्युनिष्ट मोर्चाका र नेपाली कांग्रेसका प्रतिनिधि सम्मिलित संयुक्त मन्त्री मण्डलले : शान्ति स्थापना, भारतसँगको चिसो सम्बन्धमा सहजीकरण, संविधान जारी र आम निर्वाचन सम्पन्न गऱ्यो ।

०४६ को आन्दोलनको पृष्ठभूमिमा भारतसँगको व्यापार तथा पारवहन सन्धि नवीकरण नहुनु, भारतको नाकाबन्दी, राजाले चीनबाट हतियार खरिद गर्नु, पुरानो शान्ति क्षेत्र प्रस्तावलाई अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउनु, संयुक्त वाममोर्चा र कांग्रेसबीच आन्दोलनमा सहकार्य हुनु निर्दलीय पञ्चायतभित्र व्यापक अन्तरविरोध देखापर्नु मुख्य कारण थियो । तर त्यो भन्दा पनि भारतीय नेताहरू चन्द्रशेखरदेखि हरकिसन सिंह, सुब्रमण्य स्वामीदेखि एमजे अकवरसम्मले चाक्सीबारीमा दिएको भाषण सशक्त र प्रभावकारी जस्तो भयो । एक प्रकारले विगतका जस्तै ०४६ को परिवर्तन पनि आन्तरिक क्षमतामा मात्रै नभएर भारतीय वैशाखीमा आधारित हुनपुग्यो ।

### (४) राजनीतिक आत्मनिर्भरताको समय :

श्री ५ पृथ्वीनारायण शाहको मूल नेतृत्व र राज्यमा सहयोगी सबै पदाधिकारी र जनताको कठीन योगदानमा नेपाली भूखण्डको सुरक्षा र एकीकरण सम्भव भएको थियो । त्यो समयमात्रै नेपाल पूर्ण आत्मनिर्भर थियो राजनीतिमा । राष्ट्रहरूलाई समझदारीमा विलयीकरण, दुश्मनीमा युद्ध गर्दै श्री ५ पृथ्वीले विशाल आकारको नेपालको सुरक्षा गरेको विषय गौण हुनसक्दैन । कालापानीको एकबित्ता जमिन होस् सुस्ताको बगरको विषय टुंगो लगाउन नसक्ने आजको राजनीति र नेतृत्वले पृथ्वीनारायण शाहको त्यो ऐतिहासिक उपहारको अवज्ञा गर्नुले परनिर्भर राजनीतिलाई नै मलजल गर्दै स्वीकार गरेको स्पष्ट हुन्छ । अहिलेका विधिशास्त्र, कूटनीतिशास्त्र, अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि गर्नेहरूभन्दा पूर्वीय शास्त्रको सामान्य ज्ञान भएका पृथ्वीनारायण शाहको कूटनीतिक ज्ञान हजारौं गुणा बढी देखिन्छ । उहाँका दिव्योपदेश यसका साक्षी हुन् ।

तर, एकीकरणको त्यो महाभियानबाट प्राप्त भूमिलाई हामीले युद्धविभीषीकाको ज्वालामा बलि चढायौं र सुगौली सन्धिबाट एकतिहाई भू-भाग गुमाउन पुग्यौं । जसलाई सन् १९४७ मा भारत स्वतन्त्र हुने समय अंग्रेजसँग कूटनीतिक पहल गर्न सकेको भए फिर्ता हुने अवसर थियो त्यो गुमायौं । तत्कालीन राणाशासकको सत्तालिप्साको परिणति सन् १९४७ को त्रिपक्षीय सन्धि र सन् १९५० को सन्धि हुनपुग्यो जसमा विवाद निरन्तर चल्ने गर्छ ।

### (५) असल कामको अपमान गर्ने घातक परम्परा :

एक सय चार वर्षसम्म चलेको राणशासनकालको प्रथम शासक जंगबहादुर राणाले राप्तीदेखि महाकालीसम्मको भूभाग जुनसुकै तरिकाले फिर्ता गरे पनि त्यो महान् काम थियो । राणाकालमा राजनीतिक नियन्त्रण र परिवारवाद अनि स्रोत दोहनबाहेक अनेक सामाजिक र शैक्षिक कामहरू भए तर तिनलाई हामीले राजनीतिको डालोमा मात्रै बन्द गर्ने काम गऱ्यौं अर्थात् असल कामको सम्मान गर्नुपर्छ भन्ने बिर्सन लाग्यौं ।

यो संस्कृतिको सिकार ००७ को परिवर्तनका नायकहरू, लोकतन्त्र र समाजवादका भाष्यकारहरू बी.पी., पुष्पलाल, अनि विकासमा केन्द्रित नेपालका राजा महेन्द्र, शान्ति क्षेत्रको सुदूर महत्वको प्रस्तावका प्रस्तावक वीरेन्द्र, ०४६ को परिवर्तनका नायक र शक्तिहरू र ०६३ को परिवर्तनपछिको अवस्था सबै नै भइरहेका छन् । अर्थात् गलत परम्पराले नेपाली समाजलाई आकण्ठ छोपेको छ । यसैकारण नेपाली समाज कि त अत्यधिक प्रतिक्रियात्मक र उत्तेजक छ अथवा मूर्दा जस्तो शान्त र सहनशील । देश निर्माताको शालीक भत्काएर क्रान्तिकारी परिवर्तन र जातीय पहिचानका नाममा सल्लाहकारको स्मारक बनाउन उद्यत् हुने समाज भएको छ, हाम्रो ।

### (६) ०४६ पछि उत्कृष्ट संविधानका गम्भीर गल्ती :

०४७ को कार्तिकमा बहुदलीय संविधान जारी भयो । त्यसले पहिलोपटक नेपाली जनतालाई सार्वभौम सत्तासम्पन्न घोषणा गऱ्यो र अखण्ड मौलिक हकको व्यवस्था गऱ्यो । प्रत्यक्ष निर्वाचित प्रतिनिधि सभा र अर्को राष्ट्रिय सभाको व्यवस्था भयो । यस अर्थमा यो संविधान उत्कृष्ट थियो । संवैधानिक राजतन्त्रको व्यवस्था पुरानो सोच भए पनि पृथ्वीनारायण शाहको उत्तराधिकारित्व, तत्कालीन सहमति र नेपालको भूबनोटको आवश्यकताको परिणाम थियो त्यो । तर केही गम्भीर त्रुटिहरू पनि भए ।

### (६.१) संविधानमा देखिएको त्रुटि :

मैले ती त्रुटिहरूबारे निकै पहिले प्रकाशित मेरो पुस्तक प्रक्षेपणमा उल्लेख गरेको छु । ती हुन् : राजाका लागि सल्लाह दिने राजसभाको व्यवस्था, राजपरिवारका सदस्यहरूलाई करमुक्ति, राजसंस्थालाई जनप्रतिनिधि व्यवस्थापिकाको नियन्त्रणबाहिर राख्ने काम गलत थियो । यदि ०४७ सालमा नै राजाका परिवार र सदस्यहरूले कर तिर्नुपर्ने, उनीहरूका आयत्त्व्ययको लेखापरीक्षण गर्ने, राजसभाको खारेजी, प्रतिनिधि सभाबाट नै राजा वा उत्तराधिकारीको अनुमोदन र घोषणाको व्यवस्था गरिएको भए हुन्थ्यो भन्ने मेरा विचारलाई ०६१ मा प्रकाशित मेरो विचार संग्रह प्रक्षेपणमा पनि उल्लेख गरेको थिएँ । त्यो नराख्नु संवैधानिक त्रुटि थियो ।

### (६.२) प्रयोगमा ०६२ सम्मका केही दुर्घटना :

(क) ०४८ को आमनिर्वाचनमा तत्कालीन सभापति कृष्णप्रसाद भट्टराईलाई पराजित गर्न दरबार, भारतको तत्कालीन सत्ता, नेपालमा गिरिजाप्रसादलाई प्रधानमन्त्री बनाउन व्यग्र जमात र त्यससँग सहकार्य गर्ने एमालेको गलत रणनीति । दोस्रोमा स्वयम् कृष्णप्रसादको अत्यन्त लापर्वाह र जयपराजयप्रति निरपेक्ष चिन्तन । तेस्रोमा एमालेबाट भट्टराई र मनमोहनसहित केही नेताहरूलाई उम्मेदवारीमा सहमति गर्ने एमालेको प्रस्ताव अस्वीकार गर्नु गलत रणनीति थियो कांग्रेसको ।

(ख) कोइराला प्रधानमन्त्री भएपछि सशक्त प्रतिपक्ष एमालेको उत्तेजक अराजक प्रतिक्रिया । तीस दिनमा नै कोइरालालाई घुँडा टेकाउने उद्घोषसहित कर्मचारी आन्दोलनलाई सहयोग र समर्थन । आन्दोलनबाट हुन लागेको धनजनको क्षति रोक्न बल प्रयोग गर्ने नाममा सरकारका तर्फबाट भएको कारबाही र भएको जनक्षति ।

(ग) सरकारले लोकतान्त्रिक मूल्य विपरीत साना–ठुला तहका अनेक कर्मचारीहरूलाई अवकाश । तर उनीहरूमध्ये धेरै जना अदालतबाट पुनर्स्थापित ।

(घ) कोइराला सरकारद्वारा आफ्नै पार्टी र प्रतिपक्षलाई विश्वासमा नलिई भारतसँग टनकपुर सम्झौता । सम्झौता विरुद्ध प्रतिपक्षको अत्यन्त आक्रामक प्रतिक्रिया र धनजनको क्षति । पार्टीभित्र समेत गणेशमान सिंहहरूको तीव्र विरोध ।

(ङ) एमालेका महासचिव मदन भण्डारी र जीवराज आश्रितको दुर्घटना २०५० जेठ ३ (केही वर्षपछि चालक अमर लामाको रहस्यमय हत्यापछि यो घटना रहस्यमय भएको शंका गर्न सकिने) को लगत्तै नेकपा एमालेको अत्यन्त अराजक शैलीको प्रतिक्रिया र जनधनको क्षति । क्रमश :

# गोपाल पराजुलीका कविता



● प्रा.डा.कुलप्रसाद कोइराला

**प्रकृतिको पारखी मान्छे हो । मान्छेका जीवनमा प्रकट हुने प्रकृतिका रूप, प्रभाव र परिणामलाई व्यक्त गर्ने पनि मान्छेको भोगाइ, अनुभव गराइ नै हुने भएको हुनाले मानव निरपेक्ष्य प्रकृतिको सत्व भए पनि उपादेयता सिद्ध गर्न सकिँदैन ।**

गोपाल पराजुली (१९९८) मूलत: बाल साहित्यकार हुन् । उनले बालसाहित्यका क्षेत्रमा कविता, कथा, उपन्यास, स्थानपरिचय, राष्ट्रिय विभूतिहरू जस्ता विधामा कलम चलाउँदा चलाउँदै बालसाहित्यको पनि जीवनीका क्षेत्रमा पुगेर लब्धप्रतिष्ठित बनेका व्यक्ति हुन् । यिनले लहड चलेका बेला लेखेका केही कविता 'समयका डोबहरू' (२०५३) प्रकाशित भएको रहेछ । बालसाहित्यकारका रूपमा पराजुलीका साहित्यिक प्रवृत्तिनिरूपण गर्ने क्रममा मेरा आँखा उनका उपयुक्त कवितासङ्ग्रहमा परे । कविता पढ्दै जाँदा परिमार्जित शैलीका चयनपूर्ण पदावलीमा रचिएका र कुनै उद्दिष्ट लिएर लेखिएका सोद्देश्यक कविता रहेछन् भन्ने मलाई लाग्यो ।

गद्यलय र स्पष्ट अभिव्यक्तिको उठान विस्तार र बैठानमा आबद्ध पराजुलीका कविताले साधनाको समाधि र स्याहारासुसार पाएको भए सशक्त बन्ने रहेछन् । बिहान, बेलुका, दिनरात, प्रकृति, मानवीय, वयगत स्वभावका कुरामा रहेका उनका चिन्तनमूलक बढी, काव्यात्मक उच्छ्वलन कम भएका तर साधित गद्यमा रहेका हुनाले यी सबै कवितालाई पृथक्पृथक व्याख्या विश्लेषणभन्दा मिल्दाजुल्दा आकार, विषय र प्रस्तुतिका दृष्टिले मात्र व्याख्या विश्लेषण गर्नु समीचीन हुने ठम्याएर यसैनुरूप अगाडिका पंक्तिमा मेरा कुरा आबद्ध रहने छन् ।

### राष्ट्रवादी स्वर

गोपाल पराजुलीका कविताहरूमध्य नेपाली माटाको सुगन्ध बोकेर राष्ट्रको अभिवन्दना गर्ने खालका कवितामा पहिलो कविता हुन् : 'मेरो राष्ट्र, म, यो फूलबारी, युवा, हामी जुट्ने छौं, आऊ पौरख गरौं, हाम्रो देश,' शीर्षकका कविता पर्दछन् भने यी सबै कविताले कतै युवकलाई, कतै विकासका चाहनालाई, अभिव्यक्ति र अभिव्यञ्जनाको माध्यम अनि वर्णनको विषय बनाइएको देखिए पनि भित्री अन्तर्हमा पुगेर खोतलेर जाँचपड्ताल गर्दा त्यहाँ राष्ट्र, हाम्रो समग्र देश उभिएको देखिन्छ । यसो भएको हुनाले यी छवटा कविताको अभिवक्तव्य विषय बनेर देश उभिएको देखिन्छ । यी सबै माटाका मायाले ओतप्रोत रहेका कविता हुन् । यद्यपि एक प्रकारले प्रकृति राष्ट्र, विश्व, मानव उन्नति प्रगति र मानवीय मनका आरोह अवरोहभन्दा भिन्न प्रस्तुति असम्भवै नभए पनि कष्टकर चाहिँ हुन्छ नै ।

अत: कविता, कथा, उपन्यास आदिमा चाहे देशको सिमाना आओस् या विश्वपरिवेश उभियोस् अभिव्यक्तिलाई कुनै न कुनै विषय मुख्य बनाउँछ लेखक या स्रष्टाले र मात्रै त्यसैलाई समातेर अभिव्यक्तिको महामाला उन्ने प्रयत्न गरिएको भेटिन्छ । राष्ट्र शब्दको प्रथम प्रयोग ऋग्वेदमा आएको देखिन्छ । ऋक्को राष्ट्र शब्द धान, मकै, जौ, तील आदि सप्त धान्यादि उब्जाउने ठाउँलाई भनिएको देखिन्छ 'राष्ट्रदाममुष्मै राष्ट्रदाराम्मे...' यही शब्द यजुर्वेदमा आउँदा राजा र प्रजा सहितको वनपर्वतयुक्त खेत, खोला नद, नदी, वन, भीर, पाखापखेरा, स्वास्थ्यशिक्षा आदि भएको एउटा विकसित राज्यका अर्थमा प्रयुक्त भएको देखिन्छ । यजुर्वेदको दशौं अध्यायमा त राजालाई राज्यरोहण गराएर ईश्वरीय शक्त्याधानसमेत गरेको वर्णन भेटिन्छ ।

यसरी ऋक्ले बस्ने सानो परिधिका रूपमा र बालीनाली लाउने खेतबारीका अर्थमा ग्रहण गरेको राष्ट्रशब्दको अर्थ विस्तार भएर यजुसमा आइपुग्दा आजको सकल अंग विकसित भएको राष्ट्र शब्द बनिएको देखिन्छ । अझै पश्चिमा दृष्टिले भन्दा त आज पनि नेपाल राष्ट्र बन्न नसकेको देखिन्छ । बी.पी.को राष्ट्र विश्वमा मानवीय सम्बन्ध भएको समग्र जनताको भावात्मक एकताले ओतप्रोत निश्चित भूभाग, सार्वभौमसत्ता सम्पन्नता, सरकार आदि भन्दा पनि परिस्थिति विशेषमा जनताको सर्वोच्च भावात्मक एकता झल्काउन सक्ने सामर्थ्य नै कुनै पनि राज्यले प्राप्त गरेको राष्ट्रको स्वरूप हो ।

तर, कवि यसै भावनामा आएर जन्म दिने माता र माता की पनि जननी राज्यको भूमिलाई नै राष्ट्र भनेर अभिवन्दना गर्न पुग्दछन् : माथि हेरौं हिमचुली तल हेरौं तराई/आफ्नो भन्नु सबै मेरा कमी छैन केही । माटोभित्र मुटु राखी ब्युझी उठ्ने ठाउँ/मेरो देश जस्तै अर्को कहां छर ठाउँ ? यसरी मुटु देशका पाखापखेर हिमदेखि तराईका फाँटसम्मै बग्रेल्ती भएर पोखिएको देखिन्छ ।

### प्रकृतिसँग सम्बद्ध

वैयक्तिक, सामूहिक जीवनजगत्लाई अभिव्यञ्जित गराउन प्राकृतिक उपादानलाई अवलम्ब्य बनाएर लेखिएका कवितालाई प्रकृतिसँग सम्बद्ध मान्न सकिन्छ । प्रकृतिको पारखी मान्छे हो । मान्छेका जीवनमा प्रकट हुने प्रकृतिका रूप, प्रभाव र परिणामलाई व्यक्त गर्ने पनि मान्छेको भोगाइ, अनुभव गराइ नै हुने भएको हुनाले मानव निरपेक्ष्य प्रकृतिको सत्व भए पनि उपादेयता सिद्ध गर्न सकिँदैन । यसो भएको हुनाले प्रकृति कृतिका अन्तर कुन्तरमा व्याप्त भएर लेखक स्रष्टाको मनमस्तिष्कलाई समातेर कहिले आलम्बन विभावका रूपमा त कहिले उद्दीपन विभावका रूपमा आएको हुन्छ । यहाँ प्रकृतिसँग सम्बद्ध भनेर छानिएका कवितामा प्रकृतिलाई दुवै भावका रूपमा पनि ग्रहण गरेका छन् कविले ।

प्रकृतिजगद्व्यापी हुने भएका कारणले यो आलम्बन विभाव र उद्दीपन विभावलाई तेस्रामा सन्चरण गर्ने प्रभावक तत्वका रूपमा आउँदा पनि कि त आलम्बन र कि भने उद्दीपन विभावकै रूपमा आएको देखिन्छ । यस संग्रहका कविता घरबसिबियाँलो टार्ने उपक्रममा आएका जस्ता पनि देखिन्छन् । कतै आवश्यक परिमार्जनका लागि लामो पर्खाइ पनि देखिन्छ भने कतै साना टुक्रे भावलाई सीमित शब्दावलीमा व्यक्त गर्ने कलाको चमत्कार पनि प्रकट भएको देखिन्छ । वर्षा आयो, अनवरत शृंखला, हिमकन्या, फूल, तिमीलाई सम्झँदा जस्ता कवितामा प्रकृतिको अनवरता, प्रकृतिको आगमनागमन, प्रकृतिले मानव मनलाई पार्ने प्रभाव आदि कुरालाई अभिव्यक्त गरिएको देखिन्छ ।

खोजी पस्दा यहाँ प्रयोजनवती लक्षण, वस्तुध्वनि र श्लेष, स्वाभावोक्ति जस्ता अलंकारादिको पनि उपस्थिति रहेको भेट्न सकिन्छ । यी अलंकार, ध्वनि, रस आदि सावधान भएर आयोजना गरिएका भने छैनन् । यी वनेलु गुलाव जसरी या सुनाखरी जस्ता भएर सुकेका रूखमा पनि मनमोहक बनेर फुलिदिएका छन् । छन्दको तारतम्यको जञ्जाल छैन तापनि कवितामा प्रचुरमात्रामा गद्यलयको सन्चार रहेको पाठकका हृदव्योमले अनुभव गर्दछ ।

कताकति हरिभक्तेली छाँटको अभिव्यक्ति र कताकति गोपालप्रसाद रिमालका पाराको छनक आउँदा कविता छाड्न मन लाग्दैन । मेरो मनको रहस्य पनि तिमीलाई /मैले खोल्न नसकेको व्यथा हुन्छ ।...टाढा–टाढा नदेखिने ठाउँतिर/सम्झनाका पटुकाभित्र पोकाहरू कसेर । तिमीलाई सम्झदा शीर्षक कविताका यी अभिव्यक्ति कति रहस्यमय छन् । यो सम्झना, देश, नेता नीति व्यवस्था र प्रेयसी जोकोही र जेपनि हुनसक्छ । यसैले कविता सांकेतिक हुन्छन् तिनमा षोडशीको चन्चलनेत्र कर्काइको बेधकता रहेको हुन्छ ।

### मान्छे रउसका बाह्यान्तरिक प्रवृत्तिसँग सम्बद्ध

प्रकृतिको सबैभन्दा कमैया पुत्र नै मान्छे हो । मान्छेका लागि पनि अनन्त स्रोत र साधनको कहिल्यै नसिद्धिने खानी प्रकृति नै हो । स्पर्श गर्दा पनि अस्पृष्टा भोगेर घस्ट्याएर छाड्दा पनि अजनवीकी अजनवी बाला ऋक्कालदेखि कम्तीमा पनि इतिहास छ मान्छेले प्रकृतिलाई भोगेको त्योभन्दा कतिअघिदेखि भोगेको चेतना विनै पनि त मान्छेले अनेकौं प्रकारले नित्य नव-बालालाई सुम्सुम्यायो हो, परिचुम्बनका चेष्टा देखायो हो वाल्मीकि र कालिदासमात्रै त होइनन् नि यिनका कर्के आँखाका इसारालाई छातीभरि सजाएर संकेत स्थलमा पुगेर प्रतीक्षा गर्ने । अवतारी पुरुष भनिएका रामले त झन 'रे रे वृक्षा: पर्वतस्था गिरिगहनलता वायुना विज्यमाना'...आदिआदि भनेर प्रकृतिलाई एकमात्र आराध्यकोड बनाएर देखाएका थिए ।

व्यासले पनि त 'विष्णोर्माया भगवती यया सम्मोहितञ्जगत्' भनेर यिनै प्रकृतिको गुणगान गरेका थिए । रुसो जस्ता उद्भट चिन्तक पनि 'प्रकृतितिर फर्क' भनेर मान्छेलाई प्रकृतिकै बाह्यान्तरिक शक्तिको संगेत गर्दै अघिबढेका थिए नि १६औं शताब्दीको औद्योगिक प्रदूषणले खग्रास बनाएको युरोपको मानवोद्धारका लागि । कतै राजनीतिका झूट त कतै विचारका बीजवपनका झगडाको दन्त बझान अनि कताकति मान्छेको आफ्नै जुम्सोपना, अल्छ्याई अधोमुखे, आहारिसे प्रवृत्तिको कमजोरीका कारणले मानवजीवन सम्पन्नताबाट विपन्नता र तिनै दुर्गुणको अभाव भएको मान्छे चाहिँ अभाव, दारिद्रय र विपन्नताको गहिरो गर्तबाट हेर्दा टोपी खस्ने उचाइमा पुगेका मान्छेको दृष्टान्तले पनि शासक निर्लज्ज दाँत देखाएर बसेका दृश्यावली पनि आएका छन् कवितामा ।

बालकप्रति नयाँ बिहानी, मैले देखैं, समयका डोबहरू, जिन्दगीको यात्रा, तिम्रा प्रणहरू, लौन उठौं, आफूलाई चिन, युवा, तथा छरिएका सपना जस्ता कविताले उपर्युक्त किसिमका भावलहरीका माध्यमले जीवनजगत्को उद्गान गरेका छन् । यस संसारमा प्रत्येक शिक्षित मान्छे पहिला कवि बन्छ र पछि परिपक्व बन्दैगएपछि अर्कै वृत्ततिर कदम बढाउँछ । कविताबाट आरम्भित सर्जन यात्रा अन्यत्र नै पुगेर फैलेर स्वत्व प्रदर्शन गर्न गए/पुगेका यथार्थ पनि कम रोचक छैनन् । आकाशका जुन तारा टिपेर प्रेयसी र जनताका पोल्टामा हाल्ने काम अल्लारे प्रेमी र ठग राजनीतिकर्मीले गर्दारहेछन् । तिम्रा प्रणहरू शीर्षक कवितामा यिनै कुराको विमर्श गरिएको देखिन्छ ।

मैले देखैं शीर्षक कवितामा वस्तु ध्वनिका माध्यमले यो कविता लेखिएका बेलाका तमाम शासक, प्रशासक, जेता, नेताको जन्मकुण्डली उतारेर कविले ती निर्लज्ज देश दारालाई कुरीकुरी गरेका छन् । हामी केटाकेटीमा कसैको अधोस्त्र रैनछ भने चोर औंलाले औंल्याएर 'कुरीकुरी धोजे पोइ खोजे' भनेर चर्को स्वरमा खिज्याउने काम गर्दथ्यौं । आज म बुढाबुढा देश चलाउँछु भनेर मैदानबाट होक्काँ गरेर जोधा ठहरिएका काना गोरुलाई कुरीकुरी त भन्दै छु तर ती काना गोरु औंसी न पुर्ने चाल नपाए जसोगरी लाज पचाएरै बाँचिरहेका देख्छु । यसरी हेर्दा बालसाहित्यका फाँटतिर लागे पनि गोपाल पराजुलीमा संगति, विसंगतिलाई बुझेर कुरीकुरी भन्नेसीप र जाँगर थियो भन्ने अनुमान गर्न सकिन्छ ।

### मानवीय भावसम्बद्ध कविता

यस संग्रहको पहिलो कविता नै रहस्यमय किसिमले अन्त्यमा मात्रै कविताका सम्बन्धमा भनिएका रहेछन् माथिदेखिका सारा कुरा भन्ने बुझेर पाठकका मनमा पाक्दै गरेका तिलजौका लड्डू पटपटी फुट्न लाग्दछन् ।यसरी हेर्दा यसमा भएका सबैभन्दा राम्रा कविता नै पहिलोक्रममा परेको 'तिम्रो जन्म' र 'हाम्रो घर' नामक कविता हुन् । यी एउटा कविताको आगमनमा पुत्रकामनाले उद्दीप्त मन पुत्र प्राप्तिपछि उत्फुल्ल भएको जस्तो कविको भाव रहेको देखिन्छ । बाल साहित्यको पनि गद्यविधामा परिकेन्द्रित कविले बेलामौकामा लेखेर कुनै न कुनै पत्रिकामा प्रकाशित भएका तर स्रष्टाको साधनाधुन अर्कैतिर मोडिएपछि अलपत्र परेका यी साधनाका दसीलाई सँगालेर वाणी प्रकाशनका वासु रिमाल यात्रीले समयका डोबहरू भन्ने शीर्षकमा सजाइदिएका हुनाले पछिसम्मका पाठक लाभान्वित हुन पाएका छन् ।

...तिमीले हतार हतार लुकी छिपी दौडाएका आँखाहरू । कहिलेकाहीं यी आँखाको नानीमा मुस्काउन पुग्छन् । कविताकाप्रति गोपाल पराजुलीका धारणा हुन् । कवि बनेर बाँच्ने न रहर छ न त कवितालाई गोडमेल गर्ने फुर्सद नै । तर पनि यदाकदा आफ्ना सिर्जना देख्दा उनलाई मन नमुस्कुराए पनि आँखा भने सहजै प्रफुल्लित भएको अनुभूति पोखेका छन् । रित्तो कोठा, बालकप्रति, नयाँ बिहानी, जिन्दगीको यात्रा, लौन उठौं, आफूलाई चिन, मान्छे भई बाँचौं, दुर्घटनाजस्ता कवितामा मानवीय मनका भावहरू अभिव्यन्जित भएका छन् । यी भाव सुखदु:खमा पनि कहिले हाँसोका सुखात्मक बुँद र कहिले रोदनमा दुखात्मक बुँदका रूपमा चुहेका हुन्छन् । कविता बिम्ब र प्रतीकलाई आधार मार्ग बनाएर रुनझुने भाव बोकेर उतुंग हिमनगको आरोहण हो भावगम्भीर कविका निमित्त ।


### उपसंहृति

यसरी बालसाहित्यकार गोपाल पराजुलीले वयस्क मान्छेका लागि २५ वटा कविता लेखेर बाँकी समय सबै उनले बालमुस्कानमा समर्पण गरेको देखिन्छ । बालसाहित्यका बालकोचित शब्दचयन, वाक्विन्यास, भनाइको ढंग र विषयचयनमा भेटिने एकरूपताले उनलाई बालमनका गोपाल बनाएको सबैले स्वीकारे । धेरैजसो साहित्य स्रष्टा एकाधिक विधामा कलम चलाए पनि एक-दुई विधामा मात्रै सिद्धि हात पार्न सफल भएका देखिन्छन् । देवकोटाले नेपाली साहित्यका प्राय:जसो विधामा कलम चलाए पनि उनको सिद्धि भनेको कविता र निबन्धका पाँटमा नै रहेको देखिन्छ ।

यस्तै बालकृष्ण समले पनि अनेकौं विधामा कलम चलाए तापनि उनले पनि चूडान्त संसिद्धि चाहिँ नाट्य र दर्शनमा मात्रै पाएका छन् अझ सोझो शब्शब्दमा भन्दा नाट्यका दु:खान्त र कवितात्मक नाट्य नै बालकृष्ण समका चम्किला ज्योति हुन् । यसै गरी बालजीवनीकार गोपाल पराजुली पनि यगयुगान्त चमक्क चम्किरहने क्षेत्र भनेको 'पच्चीस प्रतिभा'का अष्टाहार नै हुन् ।

# आफलेको ठाँडो–२

**स्त्रीको मनको कुनै गुप्त कुरा हठपूर्वक भन्न लगाउनु दुष्कर हुन्छ। संसारमा सबभन्दा गहिरो र कहिल्यै कसैलाई थाहा नहुने यदि कुनै कुरा छ भने त्यो हो स्त्रीको मन। उसको मनको रहस्य उजागर गर्ने एउटामात्र उपाय हो, त्यो रहस्यप्रति कुनै चासो नभएजस्तो गर्न'। यसो गर्दा जुन कुरा जान्न र सुन्न चाहेको हुन्छ त्यो कुरा स्वतस्फूर्त रूपमा उसकै मुखबाट बाहिर निस्किन्छ। कहिलेकाहीँ त मूल घटनामा नुन, तेल र मसलामा मोलेर।**



■ लेखनाथ पोखेल

गत बुधबारबाट क्रमश:

निद्रा खुलेको निकै बेरसम्म पनि आँखा खोल्न मन लागिरहेको छैन निरूलाई आज। शरीर आलस्यले भरिएको छ। सोच्दछिन्-यो घरधन्दाबाट एक दिनमात्र पनि छुट्टी पाएर कतै घुमफिर गर्न र विश्राम गर्न पाए पनि कति आनन्द हुन्थ्यो होला ! तर के गर्न', बिहान उठेदेखि राति नसुतेसम्म क्षणभर सुस्ताउने मौकासम्म पनि मिल्दैन।

कोल्टे फर्किएर आफूसँग आफैं दोहोरो वार्तालाप गर्दै गरेकी उनले उत्तानु परेर आफ्ना दुवै खुट्टा तनक्क तन्काइन्। एकाएक देब्रे घुँडा च्वास्स गरेर चस्कियो। घुँडाको चस्काइले उनको टाउको रिंगाउन थाल्यो। उठेर बस्न गाह्रो होला जस्तो भयो।

आँखा खोलेर छेवैको दृश्य हेर्न थालिन्। पलङ्गछेउको स्टुलमाथि बाइ-फोकल चश्मा। निधारमा छरपस्ट छरिएको तिलचामले कपाल। रातो-पीरो अनुहार, लामो तीखो नाक, पुष्ट शरीर, झट्ट हेर्दा विवाह हुँदाको बेलाजस्तै अझै पनि स्वस्थ देखिन्छन् गाला मुनि हात राखेर चैनको निद्रामा मस्त निदाएका धनीराम।

उड्दै गरेको निरूको मन अनायास आफ्नो विवाहपूर्व पुगेर अडियो। प्राविधिक शिक्षामा स्नातक गरेका धनीराम सरकारी अड्डामा अधिकृत थिए। संयुक्त परिवार भएका धनीरामको त्यो बेला पनि कुनै विशेष आर्थिक स्थिति भने थिएन। तर पनि, आफ्नी छोरी-बहिनीको वैवाहिक सम्बन्ध जोड्न चाहने संभ्रान्त परिवारका अभिभावकको एउटा लामो लर्को उनको अघिपछि लागेको हुन्थ्यो। त्यो वैवाहिक दौडमा धनीरामसँग सम्बन्ध जोड्न सफल भएकोमा प्रशन्न भएका आफ्ना बुबाले एक दिन भनेको कुरा सम्झिइन् निरूले-'भनेजस्तो श्रीमान् पाएकी छ्यौ छोरी ! हेरिराख, ठूलो मानिस बन्नेछन् ज्वाइँ एक दिन।'

छेउको पलङ्गमा सुतेको बुबाले भनेको त्यो ठूलो मानिस, उनको पति जसले आफ्नो जीवन अरूप्रति समर्पित गऱ्यो, उसले अरूबाट के पायो ? तर पनि कसैप्रति कुनै गुनासो छैन। आज आएर न यौवनको जोश र जाँगर बाँकी छ न त पर्याप्त साधन र सम्पन्नता नै। चाहेको भए साधन सम्पन्न जिन्दगी हुने थियो होला ! तर, आफ्नो आदर्श र कर्तव्यबाट टस्को मस् नहुने ऊसँग बत्तीस वर्षे जागिर अवधिमा कमाएको अनुभवको टिठलाग्दो भारीबाहेक केही पनि छैन। त्यति हुँदाहुँदै पनि कुनै कुराको मतलब छैन। जवानीमा जसरी उर्लिएर आउने उही अल्लारे हाँसोको फोहोरा, उस्तै ख्यालठट्टा, संसारभरीको सुखको सबै खजाना आफैंसँग भए जसरी यो उमेरमा पनि कसरी यति आनन्दित भएर चैनको निद्रा सुतेको छ ! जबसम्म तातो चियाको कप हातमा पर्दैन, त्यो बेलासम्म उठनेवाला पनि छैन। सुतिनै रहनेछ। छोरी, बुहारी आठ नबजी उठ्ने होइनन् क्यारे ! काम गर्ने केटाको कुनै भर छैन। कसले दिन्छ चिया पकाएर ? नसकि, नसकि बिस्तारै उठेकी निरू ढिकीच्याउँ...ढिकीच्याउँ गर्दै खुट्टा खोच्याउँदै बाथरूमतिर लागिन।

केही बेरपश्चात् पलङ्गको छेउमा आएर उभिएकी निरूले झकझक्याएर उठाउँदै चियाको कप हातमा दिँदा प्रसन्न भएका धनीरामले लामो हाई.. काड्दै 'आहा ! आफ्नो घरमा पुगेर सुत्नुको आनन्दको कुरै अर्कै ! हेर त निरू कस्तो मीठो निद्रा लागेछ, रातभरिमा एकपटक पनि ब्युँझिनु परेन' भन्दै चियाको चुस्की लिन सुरु गरे।

यतिका वर्षपछि परिवारजनसँग बस्ने सुअवसर प्राप्त भएकोमा रमाएका धनीरामको खुशी छचल्कि रहेको थियो। मनै मनमा दङ्गदास परेर जीवन यापन गरिरहेका उनलाई दिन कसरी बिताउने भन्ने समस्या थिएन। दिउँसो घरका सानातिना काममा व्यस्त हुनुको अलावा बाँकी बाँचेको समय परिवारसँगको गफगाफ र किताब अध्ययन गर्नमा बित्ने गर्थ्यो।

यसरी आनन्द पूर्वक दिन व्यतीत गरिरहेका धनीरामलाई महिना दिन पनि नबित्दै आफ्नो घर एकाएक रहस्यमय लाग्न थाल्यो। अफिसबाट फर्किएर आएको अजय कोठामा पसेर ल्यापटप खोलेपछि खाने बेलामा मात्र बाहिर निस्किन्थ्यो। बसन्ती र मोनिका आ-आफ्ना मोबाइल फोनमा मुन्टो घुसारौंलाजस्तो गरी यसरी मग्न भएर बसेका हुन्थे कि लाग्थ्यो घर-व्यवहारमा गर्न'पर्ने नामको कुनै काम बाँकी छैन। मोबाइल फोनबाट फुर्सद भए टिभी स्क्रिनमा झुन्डिन पुगेका हुन्थे। कोही कसैसँग बोल्दैनथ्यो। यस्तो लाग्थ्यो जस्तो कि सबैले मौन ब्रत धारण गरेका होउन्।

सम्वादहीनताको त्यो परिवेशमा घरमा निरूको एकोहोरो बोलीमात्र सुनिन्थ्यो। काम गर्ने केटालाई यो गर त्यो नगर भनेर अह्राउने जिम्मेवारी निरूको। भान्सामा पसेर तरकारी काट्ने काम निरूको। सकी नसकी बिहान बेलुकीको खाना बनाउने कामको जिम्मा निरूको। चिया खाजा बनाएर छोरी र बुहारीको कोठा-कोठामा पुऱ्याउने कामसम्म पनि निरूको। घरको चालामाला देख्दा धैर्यको बाँध फुटेका धनीरामले एकदिन वसन्तीलाई बोलाए।

मोबाइलमा कसैसँग च्याट गर्दै कोठाबाट निस्किएकी वसन्ती बाबुको अगाडि गएर उभिई। धनीरामले आफूलाई सम्यमित बनाउँदै प्रेमपूर्वक भने 'आजबाट बेलुकाको खाना तिमीले बनाउनु है छोरी। बिहानको खाना भाउजूले बनाउँछिन्।'

बाबुको कुरा सुनेकी बसन्तीले भनी, 'बुबा मैले पढ्नु पनि त पर्छ !' 'बिहान चाँडो उठेर पढ्नु छोरी। आमा बुढी भइन्। घर-धन्दाको काम गर्न सक्दिनन् उनी अब। हेर त, उनको स्वास्थ स्थिति कस्तो भइसक्यो ? अब उप्रान्त घरभित्रको सबै काम तिमीहरू नन्द-भाउजुले मिलेर गर्न'।'

अँध्यारो अनुहार पार्दै वसन्ती गएपछि धनीरामको छेउमा उभिएकी निरूले भनिन्, 'पढ्ने त बहानामात्रै हो यसको। पल्लो घरका ठिटीहरूसँग साँझ-बिहान हा..हा..ही..ही..कसले गरिदेओस र यसलाई फुर्सद हुनु !'

बेलुकाको खाना वसन्तीले यसरी बनाई कि धनीरामलाई गाँस निल्न पनि गाह्रो पऱ्यो। छोरीले खाना बनाउन जानेकी रहिनछ भन्ने ठानेका धनीराम केही नबोली जे जति रुच्यो खाएर उठे। तर, थाल पन्साएर उठेको अजयले भन्यो, 'म यस्तो खाना खान सक्दिन।'

मोबाइल फोन निचोर्दै बसेकी बसन्तीले आँखा तर्दै भनी, 'नखाए नखाउ, कसले खुसामद गर्छ र !'

'मन नलागि-नलागि तँलाई कसले खाना बनाउनु भन्यो ?' अजयले सोध्यो।

'बुबाले।'

बाबुपट्टि फर्किएको अजयले 'बुबालाई थाहा छैन होला ! यसलाई काम गर्न मन लागेन भने जहिल्यै यस्तै गर्छे' भन्दै डाईनिंग टेबलबाट उठ्यो।

छोराको कुरा सुनेर डाइनिंग-हलमा पसेकी निरूले भनिन्, 'खाली पेट कता जान्छस् ! बहिनीले बनाएको खाना मीठो लागेन भने म बनाइदिन्छु !' बसन्तीलाई 'खै छोड्' भन्दै भान्सामा पसेकी निरूले पुन: खाना बनाएर ख्वाइन।

चुपचाप त्यो तमासा हेरेका धनीरामले सुत्ने बेलामा श्रीमतीसँग भने, 'यत्ती ठूली भइसकेकी छोरीलाई खाना बनाउन पनि आउँदैन ?'

'किन नआउनु, सब कुरा आउँछ। नाटक गर्न कम सिपालु छ त्यो ! मन नलागेको दिन भान्सामा पसी भने अनेक कुरा सोधेर हैरान पार्छे। एक जना सहायक उसको छेउमा उभिइरहनुपर्छ। दाल झान्नु पऱ्यो भने घ्यू कति हाल्ने ? घ्यू तात्यो कि तातेन। लसुनले झान्ने कि जिराले ? लसुन कति राख्ने ? जिरा कति हाल्ने। तरकारीमा नुन कति चम्चा ? बेसार कति हाल्ने ? के के कुराको मात्र जवाफ दिएर सक्नु ! त्यसैले उसलाई अह्राउँ नै छोडिदिएँ, आफैं पकाउँछु। आज केही पनि नसोधी खाना बनाएकी थिई, राम्रै पकाउली भनेको त बर्बाद गरिछ। नमीठो पकाएर ख्वायो भने अर्को पटकदेखि पकाउनु पर्दैन भनेर नाटक गरेकी हो त्यसले !'

अर्को दिन साँझमा श्रीमतीलाई भान्सामा पसेको देखेका धनीरामले मोबाइल निचोर्दै घरबाहिर निस्किन लागेकी बसन्तीलाई भने 'खाना बनाउन छोडेर यो साँझ पर्ने बेलामा कहाँ जान लागेकी छोरी ?'

'पल्लो घर शिलाकोमा होमवर्क गर्न ?'

'पर्दैन जानु। भान्सामा गएर आमालाई सघाउ !' भन्दा भुइँमा खुट्टा बजार्दै कोठाभित्र पसेर ढोका बन्द गरी।

केही बेरपछि आएकी निरूले भनिन्, 'के भन्दिनु भयो बसन्तीलाई ? सिरकले मुख छोपेर सुतेकी छ।'

छोरीको व्यवहारले खिन्न भई टोलाएर बसेका धनीरामले कुनै जवाफ दिएनन्।

त्यो दिनदेखि बसन्ती बाबुको अगाडि पर्न छोडी।

घरको प्रेमपूर्ण वातावरणमा जिन्दगीका बाँकी दिन चैनसंग बिताउने सोच राख्ने धनीरामलाई घरको व्यवस्था देख्दा पहिलो गाँसमा नै ढुङ्गा लागेजस्तो भयो।

तत्काल आफूले आफूलाई सम्झाउदै भने, 'अधिकांश समय आमाको लाड-प्यारमा बिताएका छोराछोरी यस्तै हुन्छन्। अब म आएँ, क्रमस: अनुशासित हुँदै जानेछन् ...।'

चरा उडे जसरी समय उड्दै गयो। धनीराम घर फर्किएर आएको पनि छ महिना बित्यो। तर, लागेको बानी कसले छोड्ने। न छोरीको स्वभावमा कुनै परिवर्तन देखियो न त बुहारीको आनीबानी नै सुध्रियो।

छ महिना बित्दा नबित्दै निरूको व्यवहारमा क्रमस: देखिन थालेको परिवर्तनले धनीरामलाई उकुसमुकुस हुन थाल्यो। निरू कुनै कुरा भन्न चाहन्छिन् भन्ने आभाष हुन्थ्यो धनीरामलाई तर उनले प्रस्टरूपमा केही भनिरहेकी थीइनन्।

धनीरामको मनको एक हिस्साले त हठपूर्वक सोध्ने प्रयास पनि गऱ्यो। तर, मनको अर्को हिस्साले भन्यो, स्त्रीको मनको कुनै गुप्त कुरा हठपूर्वक भन्न लगाउनु दुष्कर हुन्छ। संसारमा सबभन्दा गहिरो र कहिल्यै कसैलाई थाहा नहुने यदि कुनै कुरा छ भने त्यो हो स्त्रीको मन। उसको मनको रहस्य उजागर गर्ने एउटामात्र उपाय हो, त्यो रहस्यप्रति कुनै चासो नभएजस्तो गर्नु। यसो गर्दा जुन कुरा जान्न र सुन्न चाहेको हुन्छ त्यो कुरा स्वतस्फूर्त रूपमा उसकै मुखबाट बाहिर निस्किन्छ। कहिलेकाहीँ त मूल घटनामा नुन, तेल र मसलामा मोलेर।

अरु केही दिन उकुसमुकुसमा नै बिते। एक रात सुत्नका लागि धनीराम कोठामा पस्दा मलिन अनुहार पारेर पलंगमा बसेकी निरू सोचमग्न मुद्रामा थिईन्। दुई हत्केलाको बीचमा चिउँडो अड्याएकी उनका दुवै कुहिना घुंडामा टिकेका थिए। उनका निस्तेज आँखा उदास थिए।

धनीरामले सोधे, 'के भयो ?'

'केही होइन !' भन्दै यथास्थितिमा बसिरहिन् निरू।

केही बेरपश्चात् सुत्न लागेका धनीरामले पत्नीलाई भने, 'पहिलेजस्तो कमाई छैन निरू। अब आउने भनेको पुर्ख्यौली खेतको केही आयस्ता र मासिक पेन्सन मात्र हो। घरखर्चमा केही कटौती गर्न'पर्छ कि !'

आक्रोस् पोख्ने उचित अवसर पर्खेर बसेकी श्रीमतीले उत्तेजित हुँदै भनिन्, 'सबै खर्च ठीक छ। यही जोडजाममा जिन्दगी बित्यो। भन्नुस् कसको पेट काटौं ? तपाईं सरहका अरूहरूलाई हेर्न'भएको छ ? कस्तो सानसँग बसेका छन्। महलजस्ता घर ठड्याएका छन्। आँगनमा गाडी उभिएका छन्। छोराछोरीलाई पढ्नका लागी अमेरिका र जापान पठाएका छन्। तपाईंलाई भने, आफ्नो भविष्यको ख्याल नगरी 'आफूले आकाश थामेको भ्रम पाल्ने हुटिट्याउँ' जसरी बाबुआमा, दाजुभाइ, दिदीबहिनीको दैनिकी चलाउँन र उनीहरूका छोराछोरीको भविष्य सुरक्षित गर्नबाट फुर्सद भएन। आज आएर पेन्सन र छोराको कमाइमा सीमित हुनुपरेकाछ आफूले। न त कुनै दिन धक फुकाएर खर्च गर्न पाइयो न त कतै घुमफिर र रामरहुस गर्न नै पाइयो ! साँझ-बिहानको जोहो गर्दैमा जिन्दगी त्यत्तिकै खेर गयो।'

पत्नीको कुरा सुनेर स्तब्ध भए धनीराम। उनले बिस्तारै भने, 'तिमीलाई के कुराको कमी छ र निरू ? घरमा छोराछोरी छन्। बुहारी छन्। बस्नलाई व्यवस्थित बास छ। खानलाई गाँसको कमी पनि छैन। अरुले हात्ती चडे भनेर आफू धुरीमा चड्न जानु हुँदैन त ! आफूसँग जे जति छ त्यसैमा शन्तोष गर्नुपर्छ।'

धनीरामको कुरा सुनेर झन् उत्तेजित भएकी निरूले आफ्नो तिक्तता पोख्दै भनिन्, 'अर्काको बाच्छो चाटी मुखभरी रौं' भन्छन् ! तपाईंले त्यही गर्न'भयो। पहिले आफ्नु व्यवस्था गर्न'पर्छ अनिमात्र अरूलाई हेर्ने हो भनेर कति पटक सम्झाएँ। सुनेको भए पो ! मैले भनेको कुरा मानेको भए अहिले यो हालत हुन्थ्यो ? जागिरको अवधिभरी कमाएको सम्पति खर्चिएर परिवारका सबैलाई हुर्काउनुभयो, पढाउनु भयो, सबैलाई गरिखाने बनाउनुभयो। अहिले ठूल्ठूला घर बनाएर बसेका छन् उनीहरू। छोराछोरीलाई उच्चशिक्षाको लागि विदेश पठाएका छन्। अब आएर, दशैंको टिका थाप्ने दिनबाहेक कुनै दिन तपाईंको हालखबर सोध्ने फुर्सदसम्म पनि छैन उनीहरूलाई। यस्ता बैगुनी परिवार त हुनुभन्दा नहुनु बेस् ! भन्नुस् त, के पाउनुभयो तपाईंले ?'

धनीरामले शान्त स्वरमा भने, 'हेर निरू, मैले उनीहरूलाई ऋण लगानी गरेको होइन। न त कुनै दिन प्रतिफलको आश नै गरें। मैले जे जति गरें आफ्नो कर्तव्यको निर्वहन मात्र गरेको हुँ। परिवारमा भोको-नांगो र अशिक्षित कोही नरहोस् भन्ने चाहना हो मेरो। आज आएर उनीहरू साधन सम्पन्न भए भन्ने कुरा सुन्न र देख्न पाउनु नै सबभन्दा ठूलो खुशीको कुरा हो। हालखबर सोध्ने नसोध्ने, भेट्न आउने नआउने भन्ने कुरा उनीहरूको अनुकुलता र स्वविवेकमा निर्भर रहने कुरा हो। तिमीलाई थाहा छ ? उनीहरूलाई सुखी र सम्पन्न भएको देख्न पाउँदा मेरो छाती गर्वले कति चौडा भएको हुन्छ भन्ने कुरा ? त्यसबाट मलाई जुन सुख शान्ति र आनन्द प्राप्त हुन्छ त्यो कुराको अन्दाज गर्नसम्म पनि सक्दिनौ तिमी !'

'भयो भयो अतिभयो ! ती कुरा मलाई सुनाउनु पर्दैन। त्यस्ता भावुक लाग्ने वाहियात कुरा गरेर यो निरूलाई बहकाउन सक्नु हुन्न तपाईंले। तपाईंलाई पो आफूले गरेको काममा गौरव लाग्ला ! तपाईं रमाए जसरी म त्यो फोस्रो सुखमा रमाउँन सक्दिन। मलाई त हात खोलेर खर्च गर्ने साधन र सम्पन्नता चाहिन्छ !' भन्दै गर्दन फुलाएर सुत्ने तरखरमा लागिन्।

श्रीमतीलाई हेर्दै गरेका धनीरामले सोचे, के यही थिईन उनकी पत्नी जसको कोमल हातको स्पर्श र उनको मुस्कानको सम्झनामा जीवन बिताए ? उनलाई लाग्यो आफ्नी सुन्दर पत्नी जीवनको गोरेटोमा कतै हराई सकेकी छन्। छोराछोरी, दाल, चामल र घ्यू, चिनीको डिब्बामा सिमित, प्रत्येक कुरामा केवल गुनासो मात्र गर्ने आफ्नु छेउमा सुतेकी स्त्री कुनै नितान्त अपरिचिता हुन्। उनी न निरूलाई चिन्दछन् न निरूले उनलाई चिन्दछिन्। उनलाई एकाएक लाग्न थाल्यो, आफू धनोपार्जनको एउटा साधनबाहेक केही पनि होइन। यस्तै कुरा सोच्दा-सोच्दै मन खिन्न भएका धनीराम त्यत्तिकै निदाए।

अर्को दिन बिहान ब्युँझीदासम्म पनि राति खिन्न भएको धनीरामको मन शान्त हुन सकेको थिएन। उनलाई ओछ्यानबाट उठ्न मन लागेन। उदासी र एक्लोपनले घेरिएका उनी निकै बेरसम्म ओच्छ्यानमा नै छट्पटाई रहे। नचाहँदा नचाहँदै पनि आफ्नो प्रवाहमा बगाउँदै लिएर जाने कस्तो शक्तिशाली हुन्छ मानिसको अतीत। त्यस्तैमा उनले व्यतीत भएको आफ्नो जागिरे जीवन सम्झिए। विगतको स्मृतिका भेल अनेक धारामा बग्न थाले। के-के मात्र घटित भएनन् यो बत्तीस बर्षमा ! हिजोको त्यो जीवन अब आएर हराएको निधिजस्तो लाग्यो। जीन्दगीमा चाहेको कुरा नपाएको अनुभूति भएका धनीरामलाई अनायास आफूलाई जिन्दगीले ठगेजस्तो लाग्न थाल्यो।

ओछ्यानमा छट्पट गर्दै गरेका उनले भान्साबाट निस्किँदै गरेका विभिन्न स्वरलाई सुनिरहे। सासु बुहारीबीचको बिबाद, आमा छोरीबीचको किच-किच अनि भाँडाको खटपट। अचानक उनलाई लाग्यो, अब घरको कुनै पनि काम कुरामा हस्तक्षेप गर्दिन।

त्यो दिनदेखि केही बोलेनन् धनीराम। श्रीमती र छोरीले रुपैयाँ माग्दा कारण नसोधी निकालेर दिए। राति अबेरसम्म अर्काको घरमा बसेर फर्किएकी छोरीलाई पनि केही भनेनन्। धनीराममा आएको यो परिवर्तनलाई उपेक्षा गर्दै केही नबुझे जसरी, के भयो भन्नेसम्म पनि नसोधी बाहिरभित्र गर्ने श्रीमतीलाई देख्दा उनी छक्क पर्नेगर्थे। अवकाश पाएर घर फर्किएका धनीरामको एक वर्ष यस्तैमा बित्यो।

एक दिन निरूले भनिन्, 'बच्चाबच्ची ठूला भइसके। छोरो आफ्नो कमाई गर्दैछ। छोरीको विवाह गरेर पठाउने बेला भइसकेको छ। सबैजना बुझ्ने उमेरका भइसकेका छन्। खासगरी बुहारीलाई यो भएन, त्यो भएन, यस्तो गर, त्यस्तो नगर केही नभन्नुस्। कसैको कुरा पनि नकाट्नुस्। बीचमा नबोल्नुस् पनि।'

आहत दृष्टिले पत्नीलाई हेरेका धनीरामलाई अग्लो डाँडाबाट कसैले गहिरो खोल्सामा हुत्याईदिएको भान भयो। उनले अनुभव गरे कि पत्नी र बच्चाबच्चीका लागि अब उनी असैह्य हुँदै जाँदैछन्।

## आसरा दर्पण विमोचन र सम्मान



**काठमाडौं।** प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरको प्रमुख आतिथ्यमा आसरा सुधार केन्द्र रानीबारीको २८औं वार्षिकोत्सव सोही केन्द्रको कार्यालय रानीबारीमा मंगलबार आयोजित एक समारोहबीच विविध कार्यक्रमका साथ सम्पन्न भएको छ। सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले केन्द्रको सुरक्षा व्यवस्थापनमा सहयोग गर्ने काठमाडौं उपत्यका सशस्त्र प्रहरी गण नम्बर-२ महाराजगञ्ज तथा केन्द्रको आन्तरिक सुरक्षा एवं व्यवस्थापनमा योगदान पुऱ्याउने प्रहरी कर्मचारीहरूलाई प्रशंसापत्र र नगद पुरस्कार प्रदान गर्न'भयो। साथै उहाँले केन्द्रको वार्षिक प्रकाशन 'आसरा दर्पण २०८१' को विमोचनसमेत गर्न'भयो।

उक्त अवसरमा प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरीले लागूऔषध दुर्व्यसनीको समस्यालाई नियन्त्रण गर्नेमात्र नभई यसबाट प्रभावित व्यक्तिहरूलाई समाजमा पुनर्स्थापना गर्नका लागि ठोस कदमहरू चालेको र यसै उद्देश्यका साथ स्थापना भएको आसरा सुधार केन्द्रले यस क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो। केन्द्रले स्थापना कालदेखि नै सामाजिक सुधार र सकारात्मक परिवर्तनका लागि अतुलनीय योगदान पुऱ्याउँदै आएको चर्चा गर्दै लागूऔषध प्रयोगकर्तालाई परामर्श, उपचार र पुनस्थापनाको माध्यमबाट नयाँ जीवनको सुरुवात गराउन केन्द्रले गरेका काम अत्यन्त सराहनीय रहेको उहाँले उल्लेख गर्न'भयो।

प्रहरी महानिरीक्षक कुँवरले लागूऔषध दुर्व्यसनीको प्रभावले व्यक्तिगत जीवनसँगै घर, परिवार, समाज र राष्ट्रको भविष्यमा समेत नकारात्मक असर गर्ने उल्लेख गर्दै यस समस्यासँग लड्नको लागि कानूनी, सामाजिक चेतना र पुनस्थापनाको दृष्टिकोणबाट समन्वय र सहकार्य अपरिहार्य रहेको बताउनुभयो। साथै एकीकृतढंगबाट समस्या समाधानका उपयाहरू पहिचान गरी सामूहिक प्रयासले मात्र समस्या समाधान हुनेमा उहाँले जोड दिनुभयो। आगामी दिनमा केन्द्रको प्रयासलाई अझ सशक्त बनाई केन्द्रको भूमिकालाई थप प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता उहाँले व्यक्त गर्न'भयो।

समारोहमा केन्द्रकी अध्यक्ष श्रीमती लक्ष्मी कुँवरले केन्द्रका परामर्शदातालाई प्रशंसापत्र र नगद पुरस्कारको साथै आन्तरिक खेलकुद प्रतियोगितामा विजयी हुने केन्द्रमा उपचाररत सदस्यहरूलाई पुरस्कार प्रदान गर्न'भयो। उक्त अवसरमा धन्यवाद ज्ञापन गर्दै केन्द्रकी अध्यक्ष कुँवरले जान अन्जान, परिवेश र परिवन्दले लागूऔषधको दलदलमा फसेका लागूऔषध प्रयोगकर्ताहरूलाई कानुनी दण्डबाट दण्डित गरिनुभन्दा पनि सुधारात्मक तथा उपचारात्मक पद्दतिबाट सुधार गरी घर, परिवार तथा समाजसँगको पुनर्मिलनमा फर्काइनुपर्दछ भन्ने लक्ष्य राखी स्थापना भएको आसरा सुधार केन्द्रले सोही अनुरूप काम गर्दै आएको उल्लेख गर्नुभयो।

केन्द्रकी उपाध्यक्ष श्रीमती रूपा थापाले स्वागत मन्तव्य व्यक्त गर्न'भएको सो समारोहमा केन्द्रमा उपचाररत सदस्यहरूले गीत, नृत्य प्रस्तुत तथा कविता वाचन र संगीत प्रशिक्षकबाट बाँसुरीको धुन प्रस्तुत गरिएको थियो। समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, वरिष्ठ प्रहरी अधिकृतहरू, नेपाल प्रहरी श्रीमती संघ तथा केन्द्रका पदाधिकारीहरू, विभिन्न संघसंस्थाका प्रतिनिधि एवं आमन्त्रित अतिथिसमेत उपस्थिति थियो।

## मुस्ताङको पाक्लिङमा २० करोडको लागतमा गुम्बा निर्माण

**मुस्ताङ/रासस।** मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ पाक्लिङमा २० करोडको लागतमा गुम्बा निर्माण भएको छ। आध्यात्मिक अध्ययन केन्द्र परियोजनामार्फत मुस्ताङ संस्कृति तथा शिक्षा केन्द्रले पाक्लिङमा 'सेनतेन थ्याग्पालिङ बोन गुम्बा' निर्माण गरेको हो। विसं २०७९ वैशाखमा ठेक्का सम्झौता गरेको बिएम अमित जेभीले गुम्बा निर्माण गरेपछि धार्मिक विधिअनुसार यसै हप्तादेखि गुम्बा सञ्चालन गर्न लागिएको मुस्ताङ संस्कृति तथा शिक्षा केन्द्रका इन्जिनियर सुदीप थकालीले जानकारी दिनुभयो।

'गुम्बाको भवन निर्माण, मूर्ति, सजावट, फर्निचरसहितको सबै काममा पहिलो चरणमा २० करोड लगानी भएको छ,' उहाँले भन्नुभयो, 'पाक्लिङलाई बोन धर्मको अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने लक्ष्यसहित १५ रोपनी क्षेत्रफलमा पूर्वाधार निर्माण भइरहेको छ।' अस्ट्रेलिया र अमेरिकामा रहेको मुस्ताङ बोन फाउण्डेशनले समाज कल्याण परिषद्मार्फत



गुम्बासहितका पूर्वाधार निर्माणका लागि मुस्ताङ संस्कृति तथा शिक्षा केन्द्रलाई सहयोग उपलब्ध गराएको हो।

दोस्रो चरणमा गुम्बा परिसरमा १८ करोडको लागतमा अस्पताल, बहुउद्देश्यीय सभाहल र अतिथिगृहको भवन निर्माण सुरु भएको छ। तेस्रो चरणमा लामा विद्यालय भवन निर्माणका लागि डिजाइन तयार भएको इन्जिनियर थकालीले बताउनुभयो। सो विद्यालयमा एक/एक सय जना लामा विद्यार्थी र भिक्षुहरूलाई आवासीय सुविधा दिने केन्द्रले जनाएको छ।

तिब्बतमा बुद्ध धर्मको प्रचार हुनुअघि नै बोन धर्मको स्थापना भएको र मुस्ताङमा पनि सोही धर्मको प्रभाव रहेको मानिन्छ। वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामग्याल गुरुङले यो गुम्बाले धार्मिक पर्यटन विकासमा सहयोग पुग्ने विश्वास गरिएको बताउनुभयो। जोमसोम-कागबेनी सडकको एक्लेभट्टी नजिकै गुम्बा रहेको छ।

पाक्लिङको छिमेकी गाउँ लुप्राका बासिन्दाहरूले अझै बोन धर्म मान्दै आएका छन्। १४ घरधुरी रहेको लुप्रा गाउँका सबैले बोन धर्म मान्छन्। थासाङको नाउरिकोट र मुक्तिनाथ नजिकैको झारकोटमा पनि बोन धर्म मान्ने दुई/चार घरधुरी रहेको लुप्रामा रहेको योङफुङ फेनलेलिङ गुम्बाका लामा योङडोङ फेनछोक गुरुङले बताउनुभयो। उहाँका अनुसार बोन धर्म बुद्ध धर्मअन्तर्गतकै हो। मुस्ताङ संस्कृति तथा शिक्षा केन्द्रले मुस्ताङ बोन फाउण्डेशनको सहयोगमा मुस्ताङका ६५ जना गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई कक्षा १ देखि स्नातक तहसम्म छात्रावृत्तिमा पठनपाठनको व्यवस्था मिलाएको छ।

## पर्वत अस्पतालको निर्माणाधीन भवन अलपत्र

**पर्वत/रासस।** जिल्ला अस्पतालको निर्माणाधीन भवनमुनिको जमिन भासिएपछि विगत चार वर्षदेखि निर्माण अलपत्र छ। नयाँ भौतिक संरचना निर्माण गरेर १५ शय्या क्षमताबाट ५० शैय्यामा रूपान्तरण गर्ने लक्ष्यका साथ काम चलिरहेका बेला जमिन भासिएको हो। शहरी विकास कार्यालयले भवनका लागि २८ करोड विनियोजन गरेर काम थालेको थियो।

अस्पतालमा बन्ने भवनलाई ब्लक 'ए', 'बी', 'सी', 'डी' र 'इ' गरेर काम अगाडि बढेकामा जमिन भासिएपछि 'इ' ब्लकको काम पनि अधुरै छ। कालीगण्डकी नदी किनारमा रहेको भिर नजिकतर्फ रहेको 'इ' ब्लक निर्माणको काम चलिरहेका बेलामा जमिन भासिएपछि पछिल्ला चार वर्षदेखि काम अघि बढ्न नसकेको पर्वत अस्पतालले



जनाएको छ। भवनको निर्माण चलिरहेका बेलामा भुइँतलाको भागमा 'बिम' रहेको ठाउँबाहेकको जमिन भासिँदै गएपछि भवनको काम अघि बढ्न नसकेको अस्पताल विकास समितिका अध्यक्ष शंकर गिरीले बताउनुभयो।

विसं २०७७ असारदेखि भासिन सुरु गरेको भवनका 'बिम'हरू राखेर बाँकी रहेको ठाउँमा अन्तिम केन्द्र यकिन नै गर्न नसकिने गरी भासिएपछि काम पूर्णरूपमा ठप्प छ। यस वर्ष अरू दुई ठाउँमा जमिन भासिएको छ। भूगर्भविद्हरूले जमिन भासिनुको कारण र समाधानका उपायसहितको अध्ययन प्रतिवेदन अस्पताललाई बुझाउने भनिए पनि हालसम्म त्यो प्रतिवेदन प्राप्त नहुँदा भवनको काम अगाडि नबढेको अध्यक्ष गिरीले बताउनुभयो। चार वर्षअगाडि निर्माणाधीन भवन भासियो, त्यसपछि कोभिडको महामारी सुरु भएकाले काम अगाडि बढ्न नसकेको उहाँले बताउनुभयो।

## यसवर्ष चितवन राष्ट्रिय निकुञ्जमा आठ छावा थपिँदै

**चितवन/रासस।** चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन तथा तालिम केन्द्र खोरसोरमा एकै वर्षमा आठवटा छावा (हात्तीको बच्चा) थपिने भएका छन्। यसवर्ष दुईवटा बच्चा जन्मिसकेका छन्भने छवटा जन्मिने क्रममाछन्।

तालिम केन्द्रका प्रमुख मनपुरण चौधरीका अनुसार गएको जेठ १२ गते कर्णालीकलीले भाले र जेठ १६ गते हिमालीकलीले पोथी छावा जन्माएका हुन्। यही असोजभित्रमा देवीकली, तीर्थमानकली र रिमझिमकलीले बच्चा जन्माउने उहाँले बताउनुभयो। उहाँका अनुसार यसै वर्षभित्र तमोरकली, लोकतन्त्रकली र चितवनकलीले बच्चा जन्माउँदै छन्।

प्रमुख चौधरीले भन्नुभयो, 'एक-दुई महिना तलमाथि होला तर यसै वर्षमा आठ छावा थपिँदै छन्।' यसअघि विसं २०८० सालमा दुईवटा छावा जन्मिएका थिए। गण्डकीकली र प्रवेशकलीले छावा जन्माएका हुन्। विसं २०७९ मा ६ छावा जन्माएका थिए।

बच्चा जन्मिएको दुई महिनापछि नै हात्ती पुन:गर्भवती हुनयोग्य हुने जनाइएको छ। उहाँका अनुसार २२ देखि २४ महिनामा हात्तीले बच्चा जन्माउँछ। अधिकांश छावा जंगली हात्ती रोनाल्डो, गोविन्दे, ध्रुवे र मकुनाका हुन्। खोरसोर क्षेत्रमा अहिले पनि गोविन्दे र मकुना दैनिक आउने गरेको उहाँले जानकारी दिनुभयो। जन्मिएको तीन वर्षपछि हात्तीका बच्चालाई तालिम दिने गरिन्छ। चौधरीका अनुसार प्रजनन केन्द्रमा हाल ११ माउ र १० छावा छन्। विसं २०४४ देखि सुरु भएको हो। विसं २०५४ देखि बच्चा जन्मिन थालेका थिए। हालसम्म ६७ बच्चा जन्मिएका राष्ट्रिय निकुञ्जअन्तर्गत हात्ती प्रजनन तथा तालिम केन्द्रले जनाएको छ। यहाँ जन्मिएका छावालाई तालिम दिएर निकुञ्जका विभिन्न पोष्टमा सुरक्षार्थ परिचालन गर्ने गरिन्छ।

# नेपाल एयरलाइन्ससँग २७ अर्ब असुल्न कोषलाई निर्देशन

**हिमालय टाइम्स**

काठमाडौं, १ असोज

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुपसाद पौडेलले कर्मचारी सञ्चय कोषलाई कोषले गरेको लगानी धेरै ठाउँमा उठ्न नसकेको भन्दै लगानी फिर्ता ल्याउनेतर्फ केन्द्रित हुन निर्देशन दिनुभएको छ । कोष स्थापनाको ६३औँ वार्षिकोत्सव समारोहको उद्घाटन गर्दै उहाँले नेपाल वायुसेवा निगममा लगाएको लगानीको सरकार ग्यारेन्टी बसेर दिएको २७ अर्ब बढी लगानी उठाउन पहल गर्न निर्देशन दिनुभयो । वायुसेवा निगमलगायत अन्य ठाउँमा लगाएको लगानीले कस्तो प्रतिफल दिइरहेको छ भन्ने कुरा सूक्ष्म ढंगले अध्ययन गरिनुपर्ने उहाँको भनाइ थियो ।

अर्थमन्त्री पौडेलले भन्नुभयो, 'कर्मचारी सञ्चय कोषले गरेको लगानीको प्रतिफल के भइरहेको छ । संस्थाले त्यसतर्फ पनि ध्यान दिनुपर्छ । नेपाल वायुसेवा निगममा लगाएको लगानीको सरकार ग्यारेन्टी बसेको छ । त्यसमा २७ अर्ब बढी लगानी उठ्न बाँकी छ । त्यो रकम उठाउन आफैं पहल गर्न'हुन्छ वा सरकार ग्यारेन्टी बसेको छ भनेर बस्नुहुन्छ ? यस्ता विषयहरू छन् । प्रतिफललाई अझ बढी कसरी बढाउने त्यस ढंगले सोच्नुपर्छ । सञ्चयकर्ताले अधिकतम लाभ कसरी प्राप्त गर्ने त्यसतर्फ ध्यान दिनुपर्छ । सूक्ष्म निगरानी कोषको हित भिक्टिम नहुने गरी काम गर्न' जरुरी छ ।' उहाँले सञ्चयकर्ताले अधिकतम लाभ कसरी प्राप्त गर्ने भन्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।



राजस्व सचिव तथा कोष सञ्चालक समिति अध्यक्ष दिनेशकुमार घिमिरेले कोषको वित्तीय स्रोत परिचालन गर्ने क्षमताको सराहना गर्दै कोषको वित्तीय सक्षमताका आधारमा सञ्चयकर्तालाई अधिकतम लाभ दिने गरी काम गर्न निर्देशन दिनुभयो । कोषका पूर्वप्रशासक रमेशकुमार भट्टराई र संसारभक्त श्रेष्ठले कर्मचारी सञ्चय कोषले लगानी विविधीकरणको माध्यमबाट जलविद्युत् र सञ्चयकर्ता आवासको क्षेत्रमा लगानी गरेको भए पनि थप नयाँ लगानीका क्षेत्र खोज्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कोषको ६३औं वार्षिकोत्सवका अवसरमा अन्तर्राष्ट्रिय सामाजिक सुरक्षण संस्था(आइएसएसए)का अध्यक्ष डा. मोहम्मद अजमानले भिडियो सन्देश पठाउँदै सामाजिक सुरक्षाको क्षेत्रमा कोषले छ दशकदेखि पुर्‍याउँदै आएको योगदानको कदर गर्दै सामाजिक संरक्षणको क्षेत्रमा कोषसँग मिलेर काम गर्न आइएसएसए सदैव तयार रहेको बताउनुभयो । कोषका प्रशासक जितेन्द्र धितालले कोषको समग्र अवस्था जानकारी गराउँदै कोषलाई सरकारी तथा सार्वजनिक क्षेत्रको सामाजिक सुरक्षा प्रदायक संस्थाका रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले सञ्चयकर्ता तथा योगदानकर्ताको योगदान रकमको कुशल व्यवस्थापन तथा परिचालन, प्राप्त प्रतिफलको न्यायोचित वितरणका साथै सेवा प्रवाहमा गुणात्मक सुधार गर्दै सेवाग्राहीको हित र सन्तुष्टिप्रति कोष परिवार सदैव क्रियाशील रहिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा कोषमा १५ वर्ष अवधि पूरा गर्ने १४ कर्मचारीलाई दीर्घ सेवा पदक प्रदान गरिनुका साथै विभिन्न अतिरिक्त क्रियाकलापका विजेता कर्मचारीलाई पदक तथा पुरस्कार प्रदान गरिएको थियो । कोषले निजामती, जंगी र प्रहरी सेवातर्फका कर्मचारीका साथै शिक्षक, सार्वजनिक संस्थान तथा निजी प्रतिष्ठानका कर्मचारीसमेत गरी पाँच लाख ७५ हजारभन्दा बढी सञ्चयकर्ताको करिब छ खर्ब बराबरको रकम व्यवस्थापन गर्दै आएको छ । स्थापनाकालदेखि कोषको मात्र व्यवस्थापन गर्दै आएकोमा २०७६ सालयता निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम योगदानमा आधारित निवृत्तभरण कोषको समेत व्यवस्थापन गर्दै आएको छ । कोषले योगदानकर्ताको सेवाकालीन आवश्यकता पूरा गर्न विशेष सापटी, घर सापटी, शैक्षिक सापटीजस्ता छ किसिमका सापटी सुविधालाई सहुलियत दरमा प्रदान गर्दै आएको छ । सामाजिक सुरक्षा सुविधातर्फ प्रसूति तथा शिशु स्याहार, काजक्रिया अनुदान, दुर्घटना क्षतिपूर्ति योजना तथा सञ्चयकर्ता तथा निजका श्रीमान् वा श्रीमतीका लागि औषधोपचार सुविधालगायत चार किसिमका सुविधा निःशुल्करूपमा प्रवाह गर्दै आएको छ ।

कोषले सञ्चयकर्ताबाट संकलित दीर्घकालीन रकम सुरक्षित, प्रतिफलयुक्त एवं दिगो लगानी गरी प्राप्त प्रतिफलको न्यायोचित वितरणबाट सञ्चयकर्तालाई सन्तुष्टि दिने मूल उद्देश्य राखी लगानी व्यवस्थापन गर्दै आएको जनाएको छ । । कोषको संकलित स्रोतमध्ये करिब ९७ प्रतिशत अर्थात् पाँच खर्ब ५१ अर्ब रकम विभिन्न क्षेत्रमा लगानी गरिएको छ । कोषले विभिन्न क्षेत्रको लगानीबाट प्राप्त प्रतिफल सञ्चयकर्ताको हितमा लगाउँदै आएकोमा आर्थिक वर्ष २०७९/८० मा प्राप्त प्रतिफलबाट सञ्चयकर्ताको जम्मा भएको कोष रकममा १.१० प्रतिशतका दरले मुनाफा वितरण गरेको छ । कोषको दीर्घकालीन वित्तीय स्रोतलाई आवास, विद्युत् विकास तथा पूर्वाधार क्षेत्रका ठूला एवं वित्तीयरूपले सम्भाव्य परियोजनामा लगानी गर्ने नीतिलाई आगामी दिनमा पनि निरन्तरता दिने कोषका प्रवक्ता दामोदरप्रसाद सुवेदीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

## एकैपटक चार शहरमा टाटाको पञ्च इभी



**काठमाडौं ।** टाटाको पञ्च इभी एकैपटक चार शहर चितवन, पोखरा, बुटवल र भैरहवामा लन्च भएको छ । धेरैको प्रतीक्षा र प्राथमिकतामा परेको विद्युतीय कम्प्याक्ट एसयुभी पञ्च इभी चारवटै शहरमा एकै दिन औपचारिकरूपमा लन्च गरिएको सिप्रदीले जनाएको छ । पोखरामा आयोजित कार्यक्रममा सिप्रदीका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठ र उद्योग वाणिज्य संघ पोखराका अध्यक्ष पवन प्रजापतीको पनि सहभागिता थियो । भैरहवा र बुटवलको कार्यक्रममा सिप्रदीका सिओओ राजेशप्रसाद गिरी, प्यासेन्जर भेहिकल बिजनेस युनिट प्रमुख सावन्तजंग सिजापती र सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरप्रसाद श्रेष्ठको उपस्थिति रहेको थियो भने चितवनको कार्यक्रममा सिप्रदीका भाइस प्रेसिडेन्ट सौरभ थपलिया र चितवन उद्योग संघका अध्यक्ष सूर्यप्रसाद न्यौपानेको सहभागिता थियो । पोखरामा आयोजित कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले नाडा अटो शोमा सार्वजनिक भएको टाटा पञ्च इभीले नेपालभर उच्च माग र बुकिङ पाएको बताउनुभयो भने भैरहवा-बुटवलको कार्यक्रममा कम्पनीका सिओओ राजेशप्रसाद गिरीले गाडीको बिक्रीसँगै बिक्रीपछिको सेवामा पनि कम्पनीले उत्तिकै ध्यान दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा पोखरा, चितवन, बुटवल र भैरहवामा गाडी बुक गरेका ग्राहकलाई गाडी हस्तान्तरण गरिएको थियो । कम्पनीका अनुसार टाटा पञ्च इभीको प्रारम्भिक मूल्य ३३ लाख ९९ हजार तोकिएको छ । पञ्च इभीको उक्त भेरियन्टमा भ्वाइस एसिस्टेड सनरूफ, ३६० डिग्री क्यामेरा, लेदर रेटेड भेन्टिलेटेड सिट, छवटा एयरब्याग, वायरलेस चार्जर र वायरलेस एन्ड्रोइड अटो/एप्पल कारप्ले जस्ता उच्च प्रविधि र सुविधा उपलब्ध छन् । गाडीको ग्राउण्ड क्लियरेन्स १९० मिमि रहेको छ भने विएनक्यापमा फाइभस्टार सेफ्टी रेटिङ पाएको छ ।

## मुक्तिनाथ फाउण्डेसनद्वारा बृहत् रक्तदान



**काठमाडौं ।** मुक्तिनाथ फाउण्डेसनले आफ्नो तेस्रो वार्षिकोत्सवका अवसरमा बृहत् रक्तदान तथा दन्त शिविर आयोजना गरेको छ । रक्तदान कार्यक्रममा ५५ पोका रगत संकलनका साथै ४८ जनाले निःशुल्क दन्त परीक्षण सेवा लिएका फाउण्डेसनले जनाएको छ । रक्तदान कार्यक्रमलाई केन्द्रीय रक्तसञ्चार केन्द्रबाट प्राविधिक सहयोग प्राप्त भएको थियो भने दन्त परीक्षण सेवाका लागि कान्तिपुर डेन्टल अस्पतालको प्राविधिक सहयोग प्राप्त भएको थियो ।

सोही अवसरमा संस्थाका अध्यक्ष भरतराज ढकालले १० हजार, सञ्चालक सीताराम काफ्लेले १० हजार तथा सञ्चालक रामप्रसाद पोखेलले १५ हजार संस्थालाई आ-आफ्नो जन्मोत्सवको उपलक्ष्यमा आर्थिक सहयोग गर्नुभएको थियो । सामाजिक तथा आर्थिकरूपले पछाडि परेका र पारिएका व्यक्ति तथा समुदायलाई प्रत्यक्ष सहयोग गरी सकारात्मक रूपान्तरण गर्ने उद्देश्यले स्थापित मुनाफा वितरण नगर्ने फाउण्डेसन २०७८ असोज १ गते औपचारिकरूपमा दर्ता भई सञ्चालनमा आएको थियो ।

## पुँजीगत खर्चमा सुधारको संकेत

**हिमालय टाइम्स**

काठमाडौं, १ असोज

चालु आर्थिक वर्ष २०८१/०८२ को दुई महिनामा गत आर्थिक वर्षभन्दा पुँजीगत खर्चमा सुधार आएको छ । पुँजीगततर्फ गत वर्ष आठ अर्ब १६ करोड रुपैयाँ खर्च भएकोमा यस वर्षको भदौसम्ममा १४ अर्ब ८९ करोड रुपैयाँ खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । त्यस्तै दुई महिनामा चालुतर्फ ८२ अर्ब ९८ करोड रुपैयाँ तथा वित्तीय व्यवस्थापनतर्फ ३९ अर्ब ६७ करोड रुपैयाँ खर्च भएको छ । गत वर्ष सोही अवधिमा चालुतर्फ ८७ अर्ब ६६ करोड र वित्तीय व्यवस्थापनतर्फ ३५ अर्ब ३१ करोड रुपैयाँ खर्च भएको थियो ।



त्यसैगरी राजस्व संकलनमा समेत सुधार देखिएको छ । चालु आर्थिक वर्षको दुई महिनामा एक खर्ब ६९ अर्ब रुपैयाँ राजस्व संकलन भएको छ, जुन गत वर्ष सोही अवधिको तुलनामा ९.७४ प्रतिशत बढी हो । गत वर्ष भदौसम्म एक खर्ब ५४ अर्ब रुपैयाँ राजस्व संकलन गरेको थियो । चालु आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व संकलन हुन गत वर्षभन्दा ३१.३८ प्रतिशत बढी राजस्व संकलन गर्नुपर्नेछ । सरकारले गत आर्थिक वर्षमा १० खर्ब ८० अर्ब रुपैयाँ राजस्व संकलन गरेकोमा चालु आर्थिक वर्षमा १४ खर्ब १९ अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको छ । तर, चालु आर्थिक वर्षको साउन र भदौमा गत वर्षभन्दा १० प्रतिशत बढीमात्रै राजस्व संकलन भएको हो ।

सो अवधिमा संकलित राजस्वमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ११.३१ प्रतिशत अर्थात् एक खर्ब ४५ अर्ब १९ लाख ३३ हजार संकलन भएको छ । सरकारले कर राजस्वतर्फ कुल १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख संकलनको वार्षिक लक्ष्य लिएको छ । गैरकर राजस्वतर्फ एक खर्ब ३५ अर्ब नौ करोड ३४ लाख बराबर वार्षिक लक्ष्य राखिएकोमा १५.६९ प्रतिशत अर्थात् २१ अर्ब १९ करोड ४३ लाख संकलन भएको छ । चालु आर्थिक वर्षका लागि सरकारले ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखेको छ ।

## उर्मिलालाई भारतमा उत्कृष्ट महिला उद्यमीको अवार्ड




**काठमाडौं ।** साल्ट ट्रेडिङ कर्पोरेसनकी प्रमुख कार्यकारी अधिकृत तथा नेपाल महिला चेम्बर अध्यक्ष उर्मिला श्रेष्ठ भारतको पटनामा ग्लोबल स्टार अवार्डबाट सम्मानित हुनुभएको छ । नेपाल चेम्बर अफ कमर्सको उपाध्यक्षसमेत रहनुभएकी श्रेष्ठले नेपालमा लामो समयदेखि एक सफल महिला उद्यमीका रूपमा देश तथा विदेशमा आफ्नो छवि उच्च बनाएको तथा दुई देशबीचको सम्बन्ध प्रगाढ बनाउन महत्त्वपूर्ण योगदान दिएको भन्दै उहाँलाई यस वर्षको उत्कृष्ट अन्तर्राष्ट्रिय महिला उद्यमीको अवार्डबाट सम्मानित गरिएको आयोजक समितिका प्रमुख डा. शिखा नरुलाले बताउनुभएको छ ।

भारत सरकारका आइएएस शंशाक शेखर, एमएलए रश्मी बर्मा, पटना सरकारको जिएसटी ज्वाइन्ट कमिस्नर समिर परिमल तथा आयोजक समिति सदस्य मिसेस भारत प्रतिभा प्रसादको संयुक्त निर्णायक मण्डलले श्रेष्ठलाई नेपालका लागि यस वर्षको उत्कृष्ट महिला उद्यमीको अवार्ड प्रदान गर्ने निर्णय गरेको थियो । विहारका शिक्षा तथा प्रविधिमन्त्री सुमितकुमार सिंहको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भव्य समारोह पटनामा सम्पन्न भएको थियो ।

बलिवुडकी प्रख्यात अभिनेत्री पुनम धिलोन सेलीब्रेटी गेष्ट रहेको समारोहमा दिल्ली सरकारका प्रशासक, पटना सरकारका प्रशासक तथा विधायक एवं राजनीतिज्ञको उपस्थिति रहेको थियो । कार्यव्यस्तताका कारण समारोहमा उपस्थित हुन नसकेकाले सो अवार्ड काठमाडौंमा हस्तान्तरण गरिएको थियो ।

## मातृभूमि लघुवित्तको सम्मेलन

**काठमाडौं ।** मातृभूमि लघुवित्त वित्तीय संस्थाले 'अनभेलिङ द भिजन अ ट्रान्सफरमेटिभ जोरनी विथ क्वालिटी एसुरेन्स' राष्ट्रियस्तरको सम्मेलन गरी दीर्घकालीन परिकल्पना पारित गरेको छ । तिलोत्तमा रूपन्देहीको तिलोत्तमामा सम्पन्न दुईदिने सम्मेलनले कम्पनीको दीर्घकालीन परिकल्पना पारित गरेको छ । सम्मेलनमा कम्पनीका अध्यक्ष, सञ्चालक, उच्च व्यवस्थापन, विभागीय प्रमुख, अनुगमन प्रमुख तथा देशभरिका दुई सय ३६ शाखाका प्रबन्धकको सहभागिता थियो ।



सम्मेलन उद्घाटनमा कम्पनीका अध्यक्ष लोकराज शर्माले मर्जरपछि कम्पनी देशकै ठूलो लघुवित्त कम्पनीमध्येको एक बन्न पुगेको र आगामी दिनमा देशकै पृथक्, अग्रणी एवं अब्बल कम्पनी बन्ने आशा र विश्वास आफूले लिएको बताउनुभयो । सम्मेलनमा कम्पनीको व्यवसायका विभिन्न सूचकमा उत्कृष्ट कार्यसम्पादन गर्ने ३४ कर्मचारीलाई नगदसहित पुरस्कृत गरिएको थियो ।

सम्मेलनमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद शर्माले कम्पनीको आगामी यात्राको भिजन पेपर प्रस्तुतीकरण गर्नुभएको थियो । साबिकको किसान लघुवित्त र साबिकको जाल्पा सामुदायिक लघुवित्त एक आपसमा गाभिएर मातृभूमि लघुवित्त वित्तीय संस्थाको नामबाट गत असार २७ गतेदेखि एकीकृत वित्तीय कारोबार सुरु भएको थियो ।

कम्पनीको चुक्ता पुँजी ६२ करोड ८३ लाख ५७ हजार रुपैयाँ पुगेको छ भने निकट भविष्यमै ११ करोड ४९ लाख ९८ हजार बराबरको सेयर निष्कासन प्रक्रिया अघि बढाउने भएको छ । सेयर निष्कासनपछि कम्पनीको चुक्तापुँजी ७४ करोड ३३ लाख ५५ हजार रुपैयाँ पुग्नेछ । कैलालीमा केन्द्रीय कार्यालय रहेको कम्पनीको कर्पोरेट कार्यालय काठमाडौंको बुढानीलकण्ठमा रहेको छ । कम्पनीमा दुई लाख १६ हजार ग्राहक आबद्ध भई ८० हजारभन्दा बढी प्रत्यक्षरूपमा कर्जा उपभोग गरी लाभान्वित भएका छन् । हाल लगानीमा रहिरहेको कर्जा करिब १२ अर्ब रुपैयाँ र बचत परिचालन करिब चार अब रुपैयाँ रहेको कम्पनीले जनाएको छ ।

## माइपेको चाडबाड अफर

**काठमाडौं ।** डिजिटल वालेट माइपेले नेपालीहरूको महान् पर्व बडादशैं, तिहार र छठलाई मध्यनजर गर्दै 'माइपे मेला : चाडबाडको बहार, माइपेमा उपहारै उपहार' अफर सार्वजनिक गरेको छ । युवालाई डिजिटल कारोबारप्रति आकर्षित गर्न कम्पनीले यसपटक चाडपर्वलाई लक्षित गरी विभिन्न आकर्षक उपहार घोषणा गरेको हो । मंसिर ३० सम्म चल्ने यस योजनामा माइपे प्रयोगकर्ताले दैनिक, साप्ताहिक, मेगा र बम्पर पुरस्कार जित्न सक्ने बताइएको छ । माइपेबाट कुनै पनि कारोबार गर्दा बम्पर उपहारमा माइपे स्कुटर जित्न सकिनेछ भने मेगा पुरस्कारमा दुईजना विजेताले आइफोन १६ र दुईजनाले हिराको औंठी जित्न सक्नेछन् । साप्ताहिक पुरस्कारमा हरेक हप्ता इयरबड्स, स्मार्टवाच, एनालग वाच, चाँदीको औंठी र १० हजार रुपैयाँ बराबरको ब्युटी प्रोडक्स र धेरै गिफ्ट भौचर जित्न सक्ने कम्पनीले जनाएको छ । यस माइपे मेला अवधिभर प्रयोगकर्तालाई ७५ लाख बराबरको डिस्काउन्ट, क्यासब्याक भौचरका साथै हरेक हप्ता १०-१० जनालाई माइपेबाट कारोबार गर्दा कारोबार रकमको शतप्रतिशत फिर्ता हुने बताइएको छ ।

## एफएओको कृषिमा नवप्रवर्तन नेटवर्क अभियान

**हिमालय टाइम्स**

काठमाडौं, १ असोज

संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन(एफएओ)ले एसिया प्रशान्त क्षेत्रका कृषि उत्पादन प्रणालीलाई रूपान्तरण गर्न नयाँ विज्ञान र नवप्रवर्तन नेटवर्क सुरु गरेको छ । दिगो कृषि उत्पादन प्रणालीको रूपान्तरणले धेरै नीतिगत तहमा समन्वयात्मक प्रतिक्रियाको आवश्यकता पर्ने भएकाले एसिया प्रशान्त क्षेत्रमा खाद्य सुरक्षा र जीविका सुनिश्चित गर्न राष्ट्रसंघको खाद्य र कृषि संगठनले चीनमा 'एक देश एक उत्पादन' दोस्रो क्षेत्रीय आयोजनात्मक समूहको बैठक आयोजना गरिएको छ ।

एफएओका अनुसार प्रशान्त क्षेत्रका २२ देशहरूले २० वटा विशेष कृषि उत्पादनको पहिचान गरेका छन्, जसमा केही सामान्य चामलभन्दा कम परिचित छन् तर विशाल सम्भावना राख्छन् । तीन उत्पादनले अझै पूर्णरूपमा अनुसन्धान र कृषि विकास कार्यक्रमको लाभ प्राप्त गरेका छैनन् । तर, तीन उत्पादन खाद्य सुरक्षा र स्वस्थ आहार सुनिश्चित गर्न महत्त्वपूर्ण उदाहरणहरू हुन् । उच्च मूल्यका घरेलु, क्षेत्रीय र अन्तर्राष्ट्रिय मूल्य शृंखलामा र बजारमा समावेश गरिने सम्भावना छ । एफएओका सहायक महासचिव तथा एसिया र प्रशान्तका क्षेत्रीय प्रतिनिधि जोङ जिन किमद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'विज्ञान र नवप्रवर्तनलाई अगाडि ल्याएर यो नयाँ नेटवर्कले देशलाई आफ्ना विशिष्ट कृषि उत्पादनको मूल्य अधिकतम बनाउन मद्दत गर्नेछ ।

हामी सांस्कृतिकरूपमा महत्त्वपूर्ण र पारिस्थितिकरूपले अनुकूल विकास गरेर समावेशी वृद्धि, दिगो कृषि र सुधारिएको खाद्य सुरक्षा सुनिश्चित गर्ने मार्गहरू सिर्जना गर्दैछौं ।'

## टोस्ट मास्टर्सको साइटेसन २०२४

**काठमाडौं ।** टुगेदर फर हन्ड्रेड भन्ने नाराका साथ टोस्ट मास्टर्स नेपालको साइटेसन २०२४ सम्पन्न भएको छ । गत शनिबार काठमाडौंमा आयोजित साइटेसनमा देशभरका करिब तीन सय सदस्य उपस्थित थिए । काठमाडौं, भक्तपुर, झापा, धरान, बुटवल, भैरहवा, वीरगञ्ज, नेपालगञ्ज, पोखरा र चितवनका ६० भन्दा बढी क्लबका सदस्य साइटेसनमा सहभागी भएका थिए । टोस्ट मास्टर्स इन्टरनेसनलको शतवार्षिकी मनाउँदै सन् २०२६ सम्ममा नेपालमा एक सय टोस्ट मास्टर्स क्लबको लक्ष्य हासिल गर्ने प्रतिबद्धता पनि साइटेसनमा व्यक्त गरिएको थियो ।



टोस्ट मास्टर्स नेपालले हरेक वर्ष टोस्ट मास्टरको सदस्यभन्दा बाहेकका एक व्यक्तित्वलाई सञ्चार तथा नेतृत्व क्षमताका लागि 'दि कम्युनिकेटर अवार्ड' प्रदान गर्दै आएको छ । यस वर्षको 'कम्युनिकेटर अवार्ड २०२४' चर्चित मिडियाकर्मी भूषण दाहाललाई प्रदान गरिएको थियो ।

कार्यक्रमका मुख्य वक्ता अन्तर्राष्ट्रिय मोटिभेसनल स्पिकर तथा हिन्दू पौराणिक कथाका विज्ञ अतुल सत्य कौशिक साइटेसनका मुख्य आकर्षण हुनुहुन्थ्यो ।

टोस्ट मास्टर्स इन्टरनेसनलको डिस्ट्रिक्ट ४१ की डिस्ट्रिक्ट डाइरेक्टर मुन प्रधानले भन्नुभयो, 'यस वर्षको साइटेसनले नेपालको टोस्ट मास्टर्स समुदायबीचको एकताको भावनालाई प्रस्तुत गरेको छ । हामी नेपालमा टोस्ट मास्टर्सको हालसम्मको प्रगति देखेर निकै गर्वित छौं । यस सफलतालाई निरन्तरता दिँदै सन् २०२६ सम्म सय टोस्ट मास्टर्स क्लब पुर्‍याउने लक्ष्य हामीले राखेका छौं ।'

संविधानको रक्षार्थ सबै जुटौं

- संविधान देशको मूल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संविधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्ने सबैको कर्तव्य हो ।
- संविधानको मर्मअनुरूप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संविधानसँग बाझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन्।

**त्यसैले संविधानको पालना गर्नु सबैको कर्तव्य हो ।**

विज्ञापन बोर्ड
नेपाल सरकार

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल